# त्रि-बोधिरस

(Tri-Bodhirash) बौद्ध मासिक पत्रिका

वर्ष २, अंक २, ज्येष्ठ पूर्णिमा

बु.सं. २५६३, ने.सं. ११३९, वि.सं. २०७६, 2019 A. D. May/June


## बुद्धरस




किच्छो मनुस्सपटिलाभो किच्छो मच्चानजीवितं
किच्छं सद्धम्मसवणं किच्छो बुद्धानं उप्पादो ॥४॥

मनुष्य जुया जन्म ज्वीगु दुर्लभ, मृत्यु ज्वी मानिपिं मनुष्यपिं म्वाना च्वनीगु नं दुर्लभ, सद्धर्म श्रवण याय्गु नं दुर्लभ, बुद्धपिनिगु जन्म नं दुर्लभ।

मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ, जन्मेर पनि जीवित रहनु दुर्लभ छ। जीवित रहे पनि धर्म श्रवण गर्नु दुर्लभ छ, बुद्धको जन्म हुनु पनि दुर्लभ छ।

*Hard is it to be born a man; hard is the life of mortals. Hard is it to gain t he opportunity of hearing the Sublime Truth, and hrd to encounter is the arising of the Buddhas*




गत अंक

## बिषयसूची


महान धर्मचक्र सूत्रोपदेश

✍ महाशी सयादो महास्थविर ३

विपश्यना भावना सम्बन्धी व्यवहारिक निर्देशन

✍ सयादो ऊ. पण्डिताभिवंश ५

त्रिरत्न गुणानुस्मरण

✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर ८

अङ्गुत्तरनिकाय

✍ भिक्षु बोधिसेन महास्थविर १०

देवदत्तया खँ

✍ भिक्षु धर्मगुप्त महास्थविर १३

मिलिन्द प्रश्न १८

जातक बाखँ

✍ दुण्डबहादुर बज्राचार्य २०

६२ प्रकारया मिथ्या दृष्टि

✍ बिष्णु धनञ्जय (अनुवादक) २२

कला/साहित्य

परमार्थ दृष्टि २७

✍ भिक्षु विमलो स्थविर २०

शासनिक गतिविधि २८




Downloaded from http://www.dhamma.digital

त्रि-बोधिरस
त्रि-बोधिरस
बौद्ध मासिक पत्रिका

धम्मानुशासक
**संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर**
'अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज'

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
**भिक्षु भद्दिय महास्थविर**
**भिक्षु बोधिज्ञान महास्थविर**

सम्पादक
**भिक्षु विमलो स्थविर**
मो. ९८४१५९८३८३

विशेष सहयोगीहरू
**भिक्षु चन्दिमो**
**भिक्षु रेवतो**

आर्थिक व्यवस्थापक/प्रायोजक
**कपिल शाक्य**
**प्रविता शाक्य**
सितापाइला, काठमाडौं
मो. ९८५१०६१९७५

विज्ञापन व्यवस्थापक
**कृष्ण गोविन्द महर्जन**
मो. ९८५११७२३९५

वितरण व्यवस्थापक
**रामकृष्ण महर्जन**
मो. ९८४१९३४४९४

वितरकहरू
**गौतम तुलाधर**
**कृष्ण प्रताप महर्जन**
**जमुना महर्जन**
**सनम महर्जन**

सेटिङ्ग/मुद्रण
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः ५५३०५२२

मूल व्यवस्थापन
**श्री सिद्धिमंगल बुद्ध विहार**
सिद्धिपुर, महालक्ष्मी नगरपालिका-६

**प्रकाशक/सम्पर्क कार्यालयः**
**त्रि-बोधि विपश्यना ध्यान केन्द्र**
सिद्धिपुर, ललितपुर, फोनः ५७०९४९५
E-mail: pashavimalo@gmail. com
tribodhirasa@gmail. com

# सम्पादकीय

बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि ! तिरण गमण ! जो कोही काय, वाक, चित्तद्वारा सही रूपमा त्रिशरण गमन गर्न सक्छ ती प्राणीहरू मनुष्य, देव, ब्रम्हहरू कहिल्यै अपाय दुर्गति पतन हुँदैनन् । नरक, प्रेत, अशुर, पशुयोनी जुन दुःखदायी छ । यस्ता दुःखदायी गति पतनबाट सुरक्षित गर्ने शरण त्रिशरण हो । त्यसैले आजै देखि अहिल्यै देखि काय, वाक, चित्तद्वारा सहि रुपमा त्रिशरण गमन गरौं, गराऔं । यो लोक र परलोकको सही शरण मनुष्य, देव, सम्पूर्ण प्राणी मात्रको हितकारी शरण नै त्रिशरण हो । जति पनि प्राणी, मनुष्य, देव ब्रम्हहरू बुद्ध धर्म संघ त्रिशरण गमन गरी गए उनीहरूले जीवन सार्थक पारी गए । अहिले पनि जति पनि प्राणी मनुष्य, देव, ब्रम्हहरू बुद्धको शरणमा छन् । तिनीहरूले जीवनलाई सार र सार्थक बनाउँदैछन् र भविष्यमा पनि जो प्राणी मात्रले मनुष्य देव ब्रम्हहरूले त्रिशरण गमन गर्नेछ । तिनीहरूले पनि आफ्नो जीवन सार्थक बनाउनेछ । त्यसैले यस लोक र परलोकको उत्तम, श्रेष्ठ, पनित शरणलाई सही मानेमा जानी बुझी काय, वाक, चित्तद्वारा शरण गमन गर्न जान्नुपर्छ, सिक्नुपर्छ र बुझ्नुपर्छ र त्यसको लागि बुद्ध, धर्म, संघलाई सही मानेमा चिन्नुपर्छ, जान्नुपर्छ र सही मानेमा हृदयदेखि बुझ्नुपर्छ ।

बुद्ध = सब्ब धम्मे बुज्झतीति बुद्धो : सम्पूर्ण धर्मलाई जानिसको बुझिसकेका, सम्पूर्ण धर्ममा फुलझैं फुलिसकेकालाई बुद्ध भनिन्छ । सम्पूर्ण धर्मका ज्ञाता भन्नाले चतुआर्य सत्यलाई जानिसकेका बुझिसकेका अर्थात् "चतुसच्चविनिमत्तो धम्मो नाम नत्थि" चतुआर्य सत्यबाट विनिर्मुक्त भएको धर्म नै हुँदैन त्यसैले जुनै धर्ममा चतुआर्य सत्य निहित हुने भएकैले चतुआर्य सत्यलाई जान्नु बझ्नु भनेकै सम्पूर्ण धर्मलाई जान्नु बुझ्नु हो । त्यसैले चतुआर्य सत्यलाई सही मानेमा जानेका बुझेकोले बुद्ध कहलिन्छ । जसले सम्पूर्ण क्लेश निर्मूल पारी अर्हत् फल प्राप्त गरी लिएको हुन्छ ।


अरहं = अर + हं, अरि = शत्रु, हं = हनन, अरि = ब्याकरण अनुसार "अर" भईरहेको हो । यहाँ शत्रुको अर्थ हुन आउँछ क्लेश । लोभ, द्वेष, मोह नै सहि मानेमा शत्रु हुन् । यी शत्रुहरूलाई पारमी, समथ, विपस्सना शस्त्र-अस्त्रबाट बारबार हमला गर्दा अन्तस विजय प्राप्त गरि शत्रु पराष्ट, लोभ द्वेष मोह रुपी शत्रुलाई हनन गरेकैले अरहत फल प्राप्त गर्ने हो । त्यसैले बुद्ध अर्हत हुनु भएको नै वितराग-वितदोष, वितमोह हुनुभएको हो । त्यसैले रागरहित, द्वेषरहित, मोहरहित सत्य धर्मलाई जानिलिएकाले बुझिलिएकाले बुद्ध कहलिएको हो । सम्पूर्ण पाप कर्म रहित भई सम्पूर्ण पुण्य कर्म संचित गरिसकेका र मन वचन शरीरलाई परिशुद्ध पारिसकेकाले उहाँलाई बुद्ध भनिएको हो । त्यसैले बुद्ध शुद्ध, परिशुद्ध र विशुद्ध हुनुहुन्छ ।

बुद्ध शुद्ध, परिशुद्ध, विशुद्ध हुनु भएकैले वसपोल बुद्धद्वारा देसित सम्पूर्ण धर्म पनि शुद्ध, परिशुद्ध, विशुद्ध छन् । त्यसैले बुद्धद्वारा देसित कल्याणकारी धर्मको सरण गमण गर्नु भनेकै स्वयं कल्याण हुनु हो, मंगल हुनु हो । धम्मं सरणं गच्छामि भनेकै धर्मको शरण धर्मको आचरणलाई बुझ्नुपर्छ, जान्नुपर्छ । जसले शरीर, वचन, मनले बुद्धद्वारा देसित बुद्ध शिक्षा धर्मलाई आचरण गर्दछ त्यही व्यक्तिहरू पनि कहिल्यै दुर्गतिगामी हुनु पर्ने छैनन् । क्रमिक रुपमा सुगति लाभ गर्दै अन्तस दुःख मुक्त अवश्य निर्वाण सम्पति लाभ हुन्छ ।

बुद्धधर्म उत्तम, श्रेष्ठ, पनित, शुद्ध, परिशुद्ध, विशिद्धि यहिको यहि फल दिने, आउ र हेर भनि देखाउन योग्य, स्वयं आफैले अनुभव गर्न सकिने, समय नबित्दै फल दिने, चित्तमा जीवन सहि रुपम धारण पालन गर्न योग्य सर्वोत्तम रुपमा देशना गरिराख्नु भएको धर्म भएकै कारण जो कोही शरण गमन गरी जीवन सार्थक तुल्याउने, सही मार्ग बुद्धधर्मको शरण गमण जीवन सार र सार्थक तुल्याउनु हो । प्राणी मात्रको मनुष्य, देव, ब्रम्ह सम्पूर्णको कल्याण मित्र नै बुद्ध धर्म हो । त्यसैले सहि मानेमा काय वाक चित्तले धर्मको शरणमा जाऔं । त्यस्तै शुद्ध, परिशुद्ध, विशुद्ध श्रावक संघहरूको शरणमा पनि जाऔं ।




Downloaded from http://www.dhamma.digital




## अग्गमहापण्डित महोपकारक महाशी सयादो महास्थविरज्यूले देशना गर्नुभएको

# महान धर्मचक्र सूत्रोपदेश





गत अंकबाट क्रमशः .......

### कामगुण अनुभव गर्नु ग्रामीण मानिसहरुको आचरण

फेरी कामसुख अनुभव गर्नु गृहस्थी संसारदेखि बाहिरिएर बसेका श्रमण भिक्षुहरूको कार्य होइन, गृहबन्धन निर्माण गरेर गृहजालमा बसिरहने गृहस्थीहरूको कार्य हो । तसर्थ गम्मो = ग्रामीण शहरियाहरूको बानि व्यहोरा चाल चलन हो । साँच्चै हो, जो श्रमण भिक्षु होइनन् ती गृहस्थीहरूका निम्ति यो कामगुण सुख सर्वोत्तम सर्वश्रेष्ठ जस्तो भइरहेको छ । कामगुण आरम्मणहरू जति धेरै धेरै अनुभव गर्न सक्ने हुँदै गयो त्यति नै झन् राम्रो भनी धेरै ठानिरहेका छन् । अघि अघिका युगमा हुकुमधारी राजाहरू, धनसम्पत्तिले मालामाल भएका साहु महाजनहरूले त गरिरहने गर्थे । जबर्जस्ति ढाकछोप गरी अधीनस्थ राख्दै सेवन र अनुभव गरिरहन्थे । अचेल पनि कुनै कुनै प्रदेशहरूमा यसरी नै भइरहेको हुँदोरहेछ । सम्पत्ति हीन कति मानिसहरू पनि आफूहरूले जतिसक्छ त्यति, सक्दो खोजि खोजी सेवन र अनुभव गरिहिँड्छन् । बाल्यावस्था नाघेर उमेर बढ्दै आएपछि गृहबन्धन निर्माण गर्दै कामसुख अनुभव गर्नका निम्ति सोचिरहने गर्दारहेछन् । बुद्धोपदेशसित सम्पर्क नभएको हुँदा केही नजानिरहेका गृहस्थीहरूका निम्ति त्यो कामसुख त सर्वोत्तम सम्झेर ठूलै मानिरहनुपर्ने हुँदारहेछन् ।

### दृष्टधर्म निर्वाणवाद

त्यसैले दृष्टधर्म निर्वाणवादी व्यक्तिहरूले त्यसैकारण बुद्धोत्पन्नको समयभन्दा अगावै "कामसुख अनुभव गर्नु सर्वोत्तम हो, त्यो कामसुख भन्दा ठूलो (सर्वोच्च सुख) अरु छैन, मरण पछि केही हुने होइन । पछिको जन्ममा पो अनुभव गर्नुपर्ने सुख भन्ने केही छैन । पछिको जन्मको सुखनिम्ति यसै जन्मदेखि उद्योग र व्यापार गरिरहे सुख अनुभव गर्ने समय व्यर्थै बित्छ, त्यसरी व्यर्थमा नबिताई,



लौकिक दोष नभएमा जसरी भएपनि खोजेर कल्पना गर्दै काम आरम्मणहरू सन्तोष र तृप्त हुनेगरी अनुभव गर्नुपर्छ । त्यो दृष्टधर्म निर्वाण सुख नै हो ।" आदि भन्दै त्यस प्रकारले समेत दर्शाई रहन्थे । उक्त दृष्टधर्म निर्वाणवाद भन्ने सिद्धान्त त दीघनिकाय सीलक्खन्ध पालि ब्रह्मजाल सुत्तमा तथागतले बताइदिई राख्नु भएको ६२ वटा मिथ्यादृष्टि अन्तर्गत रहेको एकथरी मिथ्यादृष्टि हो ।

यहाँ बताउँदै आए झैं कामसुख अनुभव गर्नु मनुष्यलोकका शहरिया ग्रामीण गृहस्थीहरूसित मात्र सम्बन्धित रहने बानिव्यहोरा चालचलन हुनाले पनि श्रमण गृहस्थीहरूले सेवन गर्न योग्य छैन । हुन पनि श्रमण भिक्षुहरू कामगुण आरम्मण जम्मै नै त्यागेर श्रमण भिक्षु हुन आएका होइनन् र ? त्यसरी त्यागीसकेका कामगुणहरू फेरि सेवन र अनुभव गरिरहेमा उचित होलान् र ? ग्रामीण र शहरिया गृहस्थी समान नै भएनन् र ? गृहस्थीहरू त श्रमण भिक्षुहरूलाई "नृत्य-उत्सव, विसभाग आरम्मण आदि कामगुणहरू एकातिर पन्छाईकन आचरण गरिरहेका हुन्" भनी विश्वास सहित सत्कार सम्मान पूर्वक पूजा अभिवादन गर्ने गर्दछन् । उनीहरूले



Downloaded from http://www.dhamma.digital

त आफैहरूले नखाई नपिईकन पनि, आफ्ना पितृ, पत्नी, पुत्र, पुत्रीहरूलाई समेत नदिइकन भोजन चीवर वस्त्र आदि श्रमण भिक्षुहरूलाई दान प्रदान गरिरहेका छन् । त्यसरी दान प्रदान गरिएका चीजवस्तुहरू सेवन र प्रयोग गरिरहेर पनि गृहस्थीहरूले जस्तै काम आरम्मणहरूको सेवन र उपभोग गरिरहनु उचित होला ? उचित छैन भन्ने उत्तर पूर्णरुपले स्पष्ट भइरहेकै छ ।

अनि फेरि श्रमण भिक्षु हुनु भनेको "संसारवट्टदुक्खतो मोचनत्थाय निब्बानस्स सच्छिकरणत्थाय" भनी बताइए झैं संसारचक्र दुःखबाट मुक्त हुनका निम्ति, निर्वाण साक्षात्कार गर्नका निम्ति भन्ने उद्देश्य लिई हिँड्नु हो । त्यसरी उत्तम पवित्र उद्देश्य सहित श्रमण भिक्षु हुँदै आएकाहरूले कामसुखादिप्रति गृहस्थीहरूले जस्तै रमाइलो र मज्जा अनुभव गरिरहे आफ्नो उद्देश्य अनुरुप संसारचक्र दुःखबाट मुक्त हुन सकिएला र ? आर्यमार्ग ज्ञानद्वारा निर्वाणको साक्षात्कार गर्न सक्लान् ?" मुक्त हुन सक्ने छैन, साक्षात्कार गरिलिनसक्ने छैन भनी खूबै स्पष्ट भइरहेको छ । त्यसैले पनि श्रमण भिक्षुहरूले कामसुखल्लिकानुयोग आचरण सेवन गर्न योग्य छैन, उपभोग गर्नु उचित छैन । त्यसका लागि मैले स्मरणिका बनाएको छु । त्यो स्मरणिका भन्नु पर्ला- "कामसुख उपभोग, त्याग्नुपर्छ विरत भै" ।

## कामगुण अनुभव गर्नु जनसाधारणको बानी

उक्त कामसुखल्लिकानुयोग आचरण (पोथुज्जनिको) जनसाधारण पृथग्जनहरूको बानी व्यवहार चाल चलन मात्र रहेछ । पुथु= असंख्य, जन=मनुष्यहरूको, इक=बानीचानी, पोथुज्जनिक= असंख्यजनको, असंख्य मनुष्यहरूको बानी व्यवहार, चाल चलन । संसारमा मानिसका रुपमा जन्म लिन आए पनि धर्म स्वभाव जान्ने-बुझ्ने मानिसहरू, उत्तम आचरणमा लाग्नसक्ने मानिसहरू चाहिँ साह्रै कम छन् । खानु, पिउनु, लाउनु, कामगुण सेवन गर्नु मात्र जानेका निम्न कोटिका मानिस मात्र अधिक छन् । त्यस्ता निम्नकोटिका धेरै जनसाधारणको बानी व्यवहार चाल चलन हुनाले पनि त्यस्तो कामगुण सेवन गर्नुलाई श्रमण प्रव्रजित भिक्षुहरूले सेवन गर्नु अयोग्य रहेछ ।

## आर्यसत्पुरुषहरुको आचरण होइन

अनि फेरि उक्त कामसुखल्लिकानुयोग आचरण (अनरियो) आर्यसत्पुरुषहरूको आचरण पनि होइन । त्यसो हो भने आर्य कहलाइएका विशाखा, अनाथपिण्डिक, शक्र देवराजहरू किन कामगुण अनुभव गरिहेका हुन् त भनी प्रश्न गर्न सकिन्छ । उत्तर चाहिँ– कामसुख अनुभवले आर्यहरूलाई विशेष गुण दिलाईदिनसक्ने आचरण त होइन, तैपनि श्रोतापन्नहरू कामराग रहित नभइसकेका हुनाले त्यो कामरागको राप तापले गर्दा सुखसंज्ञाद्वारा राम्रो लागेर, सुखयुक्त छ भन्ने सम्झी कासुखसँगै राखी अनुभव गरिरहेका हुन् । उपमा कसो हो भने- अति नै ज्यादै सुग्घर-सफा मनपराउने व्यक्ति भए पनि रागमस्त भइरहेको हात्तीलाई देखेर डरले मलमूत्र भएको ठाउँमा पुगेर छल्नु (झुक्याउनु) परेको जस्तै हो । -अं.ट्ठपृ. ३५३) 'अन्य तरीकाले कामसुख अनुभव गर्ने आचरण -अनरियो) अपरिशुद्ध मलिन हो । आर्यसत्पुरुषहरूको आचरण पनि होइन । शुद्ध विशुद्ध आचरण पनि नहुनाले कामसुखल्लिकानुयोग आचरण श्रमण प्रव्रजित भिक्षुहरूले उपभोग र सेवन गर्नु अयोग्य रहेछ । यसबाट विरत रहन योग्य रहेछ । तसर्थ "कामसुख उपभोग, त्याग्नु पर्छ विरत भै" भनी स्मरणिका बनाइराखेको हो । **बाँकी अर्को अंकमा.....**



गत अंक

# त्रि-बोधिरस (बौद्ध मासिक पत्रिका)

**समयमै वार्षिक ग्राहक बनी बुद्ध शिक्षा पढौं, पढाऔं, धारण, पालना गरौं । शासनिक योगदान पुऱ्याऔं ।**

**प्रकाशक/सम्पर्क कार्यालयः**


**त्रि-बोधि विपश्यना ध्यान केन्द्र**

सिद्धिपुर, ललितपुर, फोनः ५५८१४९५,


E-mail: pashavimalo@gmail. com, tribodhirasa@gmail. com



Downloaded from http://www.dhamma.digital




# सयादो ऊ. पण्डिताभिवंशद्वारा उपदेशित सतिपट्ठान विपश्यना ध्यान भावना निर्देशन



पण्डितारामा विपश्यना ध्यान केन्द्र
म्यानमार, येंगून

गतांशबाट क्रमशः.....

## भगवान बुद्धद्वारा देशना गरिराख्नु भएको :-

पुनः पुनः भाविता गर्दै जाने बेलामा पनि बिषयबस्तु आरम्मण उत्पन्न हुने वित्तिकै केहि पनि विचार नगरिकन चिन्तन नगरिकन र आरम्मणमा सीघ्र रुपमा गई अटूट रुपमा स्थिर भइरहने विशिष्ट दृढ, दरिलो मजबुत स्मृति विद्यमान भइरह्यो भने मानसिक शक्तिहरू झन अधिक बृद्धि भएर आउँछ । चित्तमा बलशक्ति पूर्ण भएर आउँदा स्पष्ट स्पष्ट हुने गरी , छुट्टिने गरी जान्ने बुझ्ने हुन्छ। किन यसरी भएर आएको त भन्दा माथि (अघि) भनेर आए झै सतिपट्ठानमा "पट्ठान" मा रहेको "प" शब्दको अर्थ अनुरुप भाविता गर्न योग्य आरम्मणमा केही पनि विचार नगरि वेगले भित्र छिरी अटूट रुपमा स्थिर भइरहेको विशिष्ट रुपमा स्मरण भइरहे, स्मृति विद्यमान भइरहेकोले हो । अहिले योगीहरूले यसरी भाविता गरिहरेका छौ की छैन स्वयम् आफैले निरीक्षण गरी हेर्नु । यो भगवान बुद्धद्वारा देशना गरिराख्नु भएको हो। मैले बनावती रुपमा भनिराखेको हैन ।

## "प" शब्दको फैलिने अर्थ :-

यसरी हतारमा केही पनि चिन्तन नगरिकन आरम्मणमा अटूट रुपमा स्थिर भइरह्यो भनेको पनि उत्पत्तित आरम्मणलाई तीन भागमा एक अंशमात्र भेत्न सक्ने अवस्था पनि हुन्छ । आधी अंशमात्र भेत्न सकेको अवस्था र सम्पूर्ण रुपमा भेत्न सकेको पनि हुन सक्छ। उत्पन्न भएर आएको बिषय बस्तुलाई सम्पूर्ण रुपमा ढाकिने गरी, फैलिने गरी जान्न बुझ्न नसक्नु स्वाभाविक छैन। अलिकता पनि विचार नगरिकन, सीघ्र, तीब्र गतिले आरम्मणमा पुगे तापनि केही अंश मात्रलाई, भागलाई मात्र जानिरहेको बुझिरहेको अवस्था हुनुहुँदैन। "पत्थरित्वा पवत्तति" भनाइ अनुसार हुनुपर्छ । "पत्थरित्वा भनेको लक्षित गरिराखेको बिषयबस्तु आरम्मणमा फैलाएर राखे जस्तै, पवत्तति- अटूट र निरन्तर भइरहनुपर्छ । सम्पूर्ण रुपमा ढाकेर राख्नुपर्छ। भनौं - चित्त पेटमा गहिरो रुपमा राखिरह्यो । फुलेको भाविता गऱ्यो । अलि अलि फुलेको एक ठाउँमा मात्र चाल पाउन सकेको की ? सुकेको भाविता गर्ने बेलामा पनि यसरी नै अलि अलि सुकेको अलि हलचल भएको एक ठाउँमा मात्र चाल पाउन सकेको की ? पुरै पेट पूर्ण रुपले फुलिरहेको, सुकिरहेको सम्पूर्ण रुपमा ढाक्न सक्छ की सक्दैन ? निर्धारण गरिराखेको आरम्मण क्षेत्रमा भाविता गरी जानिबुझि रहेको चित्त फैलाएर राखेझै एकै चोटी सम्पूर्ण फैलिरहनु पर्छ। केही एक भाग मात्र भाविता चाल पाउन सकेर हुँदैन। यसलाई "प" भन्ने शब्दले दर्शाइरहेको हो ।

## कस्तो स्मृति त ?

त्यसैले सम्पूर्ण संक्षिप्त रुपमा भन्ने हो भने केही विचार नगरी, नसोची बिषयबस्तु आरम्मणमा सीघ्र तीब्रगति भई अटूट निरन्तर स्थिर भइरहेको, आरम्मण सम्पूर्णलाई पनि ढाकिने गरी फैलाइराखे जस्तै गरी फैलिएको, विशिष्ट, दृढ, दरिलो मजबुत संग स्मरण गरिरहने स्मृति भयो भने अर्को के चाहियो ? त्यसरी भाविता अभ्यास गर्नु आवश्यक छ। आरम्मण उत्पन्न हुने बित्तिकै तुरुन्तै सीघ्र रुपमा त्यसलाई समाउनु पर्छ। तुरुन्तै सीघ्र रुपमा समाउनु पर्छ भनेको के हो त भन्दा सीघ्र रुपमा आरम्मणमा पुग्नको लागि कुनै चिज बस्तु लुटेर लिए जस्तै हुनुपर्छ। यहाँनिर यही मात्र महत्वपूर्ण विषय हो । अरु केही पनि महत्वपूर्ण छैन । फुलेर आएको आरम्मण स्वात्त उत्पन्न हुने बित्तिकै तत्क्षण वीर्यबल पनि भएको, निशाना लगाउने बल पनि भएको, तीब्रगति भएको चित्तले उत्पन्न भएर आएको आरम्मणलाई लुटेर लिए जस्तै हुने गरी समाउन सक्नुपर्छ। यस्तो विशिष्ट स्मृतिलाई यहाँ देखाइरहेको हो ।

## समाउन सक्नुपर्छ :-

अहिले योगीहरू अभ्यास गरिरहेको त्यस विधि अनुरुप भए-भएन आ-आफैले विचार (निरिक्षण) गर्नुपर्छ। स्वात्त स्वात्त फुलेर आउने वित्तिकै, सुकेर जाने वित्तिकै, शरीर पोलेको, न्यानो, चिसो टम्म परेको तन्केको



Downloaded from http://www.dhamma.digital

चलेको, त्यस्तै गरी कानले सुन्ने वित्तिकै देख्ने वित्तिकै सुघ्ने वित्तिकै, छुने वित्तिकै, खुम्च्याउने वित्तिकै, तन्काउने वित्तिकै, ढल्किने वित्तिकै, स्वात्त उठाउने वित्तिकै सार्ने वित्तिकै, बिसाउने वित्तिकै, रोक्ने वित्तिकै, तत्क्षण झ्वात्तै, स्वात्तै ती आरमणहरूलाई आफ्नो हातमा पर्नेगरी लुटेर लिए झै हुनुपर्छ । चित्तमा केही एउटै पनि समाएर ल्याएन भने त्यहाँ चिप्लियो । त्यसो भयो भने जान्ने बुझ्ने हुँदैन । त्यसैले तत्क्षण, झ्वात्तै, स्वात्तै झम्तेर लुटेर लिए जस्तै गरी आरम्मणलाई समाउने स्वभाव हुनुपर्छ । त्यस विधि अनुरुप भाविता गर्ने विधिलाई थाहा दिन चाहेकोले पट्ठानमा "प" शब्द प्रयोग गरिराखेको हो । फेरी "भसत्य" को तीब्र तीक्ष्ण भन्ने अर्थ छ । यो पनि साधारण अर्थ होइन । अत्तिनै विशिष्ट, तीब्र, तीक्ष्ण भन्ने अर्थ हो । अधिक भन्ने भाव भयो । त्यसरी प्रयास गर्नुपर्छ । अलिकता पनि खुकुलो गर्नुहुँदैन । अनि मात्र बलियो दृढ र मजबुत स्मृति स्वतः नै बृद्धि भएर आउँछ ।

## थेलामथेल गरी जानुपर्छ :-

अनि फेरी उत्पन्न भएर आएका विषय वस्तुहरूमा आरम्मण, जबरजस्ती थेलमथेल गरी जानुपर्छ । मानिसहरूको हुलमुलमा जानेबेला त्यस हुललाई नाघेर जान विस्तारै सुस्त रुपमा गइरहेर हुँदैन । यहाँ अर्को कुनै हतार विषय छैन । त्यो हुलमा थेलामथेल गरिजाने एउटै मात्र हतारको विषय छ । "प" शब्दले त्यसरी थेलमथेल गरी जाने अर्थलाई दर्शाइराखेको छ । अर्को कुनै विषयलाई वास्ता गरिरहनु हुँदैन । तत्क्षण लक्षित गरिराखेको, निशाना गरिराखेको आरम्मणमा पुग्नको लागि चारैतिर विद्यमान विध्नबाधा केही पनि वास्ता गरिनराख्नु । एकै चोटी थेलमथेल गरी जानुपर्छ ।

अहिले योगीहरूले पनि फुलेको, सुकेको देखि शुरु गरी उत्पन्न सम्पूर्ण आरम्मणहरूलाई भाविता गरिरहनु पर्छ । चारैतिर वरपरका केही कुनै विषयलाई पनि वास्ता नगरिकन भावितालाई मात्र जोड दिई उत्पन्न आरम्मणलाई स्वात्त समाउन सक्नको लागि तत्पर भई उद्योग गर्ने वीर्यबल र निशाना लगाउने वितर्क बल दुईटा समतापूर्ण प्रयोग गरी आरम्मण तिर थेलमथेल गरी भित्रै छिरे जस्तै हुने गरी अटूट निरन्तर भाविता हुनुपर्छ । त्यस्तो स्मृति बृद्धि गर्न पट्ठानमा रहेको "प" शब्दले अर्थ देखाई राखेको छ । जे जस्तोसुकै होस । आफ्नो प्राण झै सम्झी (हतार भयो भने ) जोडतोडले थेलमथेल गरी जानु पर्छ । पछाडि शत्रुले लखतिरहको छ भने त झनै तीब्र गतिमा जानुपर्छ र केही वास्ता गरिरहनु हुँदैन । मानिसहरूको हुल नाघेर जानको लागि जोडतोडले थेलमथेल घचेटेर जानु पर्छ । त्यसरी आरम्मण उत्पन्न हुने वित्तिकै घचेटेर जानुपर्छ । त्यसरी आरम्मण उत्पन्न हुने वित्तिकै स्मरण गरी भाविता गरिरहने चित्त, आरम्मणसम्म पुग्नको लाीग केहि पनि वास्ता नगरी जोडतोडका साथ थेलमथेल घचेटेर जानुपर्छ भन्ने अभिप्रायलाई देखाइराखेको हो ।

## तथागतको मनोभावना अनुरुप :-

यसरी सतिपट्ठानमा रहेको "पट्ठान" भन्ने शब्दलाई ग्रन्थमा पट्ठाति, उपट्ठाति- भाविता गर्न योग्य आरम्मणमा टाँसिएर स्थिर भइरह्यो भन्ने भर्थ देखाइराखेको हो । यो सतिपट्ठान नै हो । सामान्य रुपमा टाँसिएर स्थिर भइरहेको केही पनि प्रभावकारी छैन । ढिलासुस्ति गरिरह्यो वा सीघ्र नभएमा हुँदैन । सीघ्र भएतापनि आरम्मको केही अंशलाई मात्र समाउन सक्यो भने पनि प्रभावकारी भएको छैन । आरम्मणमा छिरे जस्तै हुने गरी, छिरेको पनि विस्तारै सामान्य रुपमा होइन तीब्रगतिमा भित्र छिरे जस्तो हुने गरी, केही पनि विचार नगरिकन, चिन्तन नगरिकन जोडतोडका साथ थेलमथेल घचेटेर भित्र गए जस्तो हुने गरी, आरम्मणलाई समाउने अवस्थामा पनि सम्पूर्ण ढाकिने गरी समाउनुपर्छ । यसरी समाएर भाविता गर्न सक्ने स्मृतिलाई सतिपट्ठान भनी भन्न खोजिएको हो । यो तथागतको मनोभावना अनुरुप हो । यसैलाई नै आचार्यहरूले "अत्ति नै आरम्मणमा, दृढ, स्थिर, स्मृतिलाई सतिपट्ठान भनिन्छ" भनेर उल्लेख गरिराखेको पाइन्छ ।

## सहि –(उचित)

भर्खरै भनिआएझै योगीहरूले भाविता गरे-गरेन स्वयम् आफैले जाँचेर हेर्नुपर्छ । जाँचेर हेरी त्यस अनुसार भइरहेको छैन भने प्रभावकारी भैसकेको छैन । यो सतिपट्ठान ध्यान भावना भनेको धेरै लाभ हुने काम हो भनेर सैद्धान्तिक रुपमा जानेर बुझेर यो साधारण कार्य होइन भनेर पनि विश्वास भइरहनुपर्छ । सतिपट्ठानको लाभ, प्रतिफल प्राप्त गरी लिन चाहने छन्द(इच्छा) पनि तीब्र भइरहनुपर्छ । तीब्र इच्छा भएरह्यो भने काम गर्ने बेला स्वतः नै उद्योग, मेहनत गर्ने स्वभाव अलि अलि होस या बढि मात्रमा होस बृद्धि हुने नै हुन्छ । मेहनत गर्नको लागि उद्योग प्रयास कोशिस पनि बृद्धि नै गर्ने हुन्छ । फुलेको, सुकेको भएको देखि शुरु गरी उत्पत्तित सम्पूर्ण विषयबस्तु आरम्मणमा चित्त पुग्नको लागि थेलमथेल घचेटिरहने स्वभाव, सीघ्र तीब्र र तत्पर रुपले उद्योग गर्ने स्वभाव, बृद्धि भएर आउँछ । हलुंगो, हल्का रुपमा होइन । त्यसरी तीब्र र तत्पर रुपले उद्योग गर्ने पनि बढि पनि होइन



Downloaded from http://www.dhamma.digital

घटि पन नहुने गरी एकातिर तान्ने -(निशाना लगाउने) स्वभाव, लक्षित गर्ने स्वभावलाई पालिभाषामा "वितक्क" भनिन्छ । आर्य अष्टाङ्गिक मार्गमा समाबेशित भाषामा भन्ने हो भने "सम्यक् संकल्प" भनिन्छ ।

तान्ने(निशाना लगाउने) स्वभाव, लक्षित गर्ने स्वभाव अधिक भएकोले नाघिने र कमजोर भएकोले अपुग स्वभाव पनि रहेन । ठ्याक्क, उचित रुपमा आरम्मणमा एकै चोटी ठ्याक्क पर्न जाने हुन्छ । सम्पूर्ण आरम्ममा पूर्णरुपले फैलाएर ढाके जस्तै हुन्छ । अनि आरम्मणलाई समाउन सकिन्छ । त्यसरी दृढ र गम्भिर रुपमा गएको यो स्मृति नै हो । दृढरुपमा भाविता गर्न सक्यो भने आरम्मणमा चित्त टाँसिरहेको कारण चित्त आरम्मण संग छुटिरहेको, उट्रिरहेको अवस्था रहँदैन । यसलाई "उद्धच्च" अलग्ग भइरहेको भनिन्छ ।

## आफैले जानिएको ज्ञान :-

अन्य अरु ठाउँमा चित्त उदेर बाहिर गइरहेको "विक्खेप" भन्ने पनि रहेन । यो, त्यो विचार गरी बशमा राखिराख्न नसक्ने गरी उदाएर लाने स्वभाव पनि रहेन । बलियो, दृढतापूवर्क भाविता गर्न सक्यो भने चित्त आरम्मण नै एकतृत हुन्छ । मन उड्ने, मन चंचल मन, यताउता दौडिरहने स्वभाव बाट अलग्ग भइरहेको अत्ति नै उत्तम विषय हो । समाधिबल भित्रियो । मलिन धर्महरूपनि अलग्गिएर हटेर गयो । त्यसरी अलग्गिएर हटिरह्यो भने स्वच्छ, विशुद्ध र स्थिर भएर आउँछ । यी बलशक्ति पूर्ण हुने वित्तिकै टम्म परेको स्वभावमा चित्त पर्न गयो भने टम्म परेको थाहा हुन्छ । तन्केको स्वभावमा चित्त पर्न गयो भने तन्केको थाहा हुन्छ । पोलेको, चिसो स्वभावमा चित्त पर्न गयो भने पोलेको चिसो स्वभाव थाहा हुन्छ । थाकेको, दुखेको, दल्लो परेको स्वभावमा चित्त पर्न गयो भने थाकेको, दुखेको, दल्लो परेको स्वभाव थाहा हुन्छ । यसरी थाहा पाउनु भनेको आफ्नो व्यक्तिगत ज्ञान भयो । गुरुहरूले भनेकोले थाहा पाएको पनि होइन । ग्रन्थमा उल्लेखित गरिराखेकोले थाहा पाएको पनि होइन । स्वयम् आफैले जानिएको ज्ञान हो । त्यसलाई "सम्यक दृष्टि" भनिन्छ । सिधा सही ढंगले देखिरहेको भयो ।

## सहीढंगले जानिन्छ :-

यसलाई प्रज्ञा पनि भनिन्छ । छुट्टिने गरी जानिराखेको हो । टम्म परेको, तन्केको, चलेको, पोलेको, चिसो-तातो, थाकेको, दुखेको, दल्लो परेको सबैलाई एक-एक गरी छुट्टिने गरी जानिएर आएको हो । प्रज्ञाज्ञानहरू उत्पन्न भएर आयो । पहिले पहिले भए चित्त आरम्मणमा नटाँसिएको बेला अन्त अन्त परिरहने गर्थ्यो ।

समाधि अलि अलि बृद्धि भएर आएको बेला एक दल्लोको रुपमा, एक ढिक्काको रुपमा, निरन्तर जानिरहेको हो । निरन्तर फुलिरहेको निरन्तर सुकिरहेको यति मात्र जानिरहेको हो । कहिले काहीँ आकृति पेटको रुपमा मात्र परिरहन्छ । रुपसण्डान प्रज्ञप्तिमा चित्त अड्किरहन्छ । आकार प्रज्ञप्तिमा चित्त अड्किरहन्छ । रुपसण्डान त्यी चहलपहललाई नाघेर साँचै भइरहेको टम्म पर्ने, तन्कने, चलिरहने, सर्ने स्वभावलाई जानिएन, अहिले भए रुप प्रज्ञप्तिलाई पनि नाघेर गयो । आकार प्रज्ञप्तिलाई पनि नाघेर गयो । टम्म पर्ने तन्कने इत्यादि स्वभावधर्म जानिएर आयो । ग्रन्थमा उल्लेखित गरिराखेको अनुसार जानिएर आयो । ग्रन्थमा उल्लेखित गरिराखेकोले जानिएको होइन । गुरुहरूले भनेकोले जानिएको पनि होइन । स्वयम् आफ्नै ज्ञानद्वारा जानिएको हो । यसरी जानेको पनि गलत रुपमा जानिएको होइन । सम्यक दृष्टि, यथार्थ रुपले जानिएके हो । त्यसलाई सम्यक् ज्ञान भनिन्छ ।


## पर्खाल छिरेर गयो :-

पटिवेधलक्खणा पञ्ञा, ओभासनरसा, असम्मोहपच्चुपट्ठाना । पञ्ञा-प्रज्ञा, पटिवेधलक्खणा - यथार्थ स्वभावलाई प्रष्ट प्रष्टरुपले प्रतिवेध गरी जान्ने देख्ने स्वभाव । प्रज्ञप्तिलाई नाघेर एकैचोटी सही यथार्थतालाई प्रष्ट प्रष्ट हुने गरी जानिरहने । विचमा भित्ता भइरह्यो भने अर्को पट्टि के छ भन्ने थाहा हुँदैन । भित्ता फोर्‍यो भने मात्र उतापट्टि के छ भन्ने थाहा पाउन सक्छ । अविद्या रुपी मोहले छोपिरह्यो, प्रज्ञप्तिहरूले छोपिरह्यो भने साँचै विद्यमान भएको यथार्थ स्वभाव प्रष्ट भइरहेको हुँदैन । अहिले विश्वास पूर्वक सतिपट्ठान भावना अभ्यास गरी लाभ, प्रतिफल साँचै प्राप्त गर्न चाहेको इच्छा (छन्द) तीब्र भई तत्पर रुपले उद्योग गर्ने र तान्ने(निशाना लगाउने) यी दुईटा विषय आधार पनि भई दृढतापूर्वक भाविता गरी भाविता गरेको विषय बस्तुमा चित्त शुद्ध भई खणिक समाधि बलियो, दरिलो भएर आउने बेला थाहा नभैरहने पर्खालले छेकिराख्न सक्दैन । त्यो पर्खाल छिरेर जान्छ । त्यसरी छिरेर गयो भने टम्म पर्ने, तन्कने, चल्ने सारा स्वभावहरू थाहा हुन्छ । यथार्थ स्वभावहरूलाई प्रष्ट प्रष्ट हुने गरी जानिएर आउने हुन्छ ।


बाँकी अर्को अंकमा...



Downloaded from http://www.dhamma.digital




# त्रिरत्न गुणानुस्मरण



**संघनायक डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

बुद्ध, धर्म र संघ यी तीन रत्नहरूको देन, यसको महत्व, यसको नमस्कार योग्य कारणहरू व्यक्त गर्दै आफ्नो ग्रन्थ "पाराजिककण्ड अट्ठकथा" को ग्रन्थारम्भमा बुद्ध-शासनको इतिहासमा शासन अभिवृद्धिको निम्ति अद्वितीय योगदान प्रदायक आचार्य भदन्त महाबुद्धघोष स्थविरले आन्तरिक भावपूर्ण नमस्कार दर्शाउनु हुन्छ :

**"यो कप्पकोटीहि पि अप्पमेय्यं,**
**कालं करोन्तो अतिदुक्करानि ।**
**खेदं गतो लोकहिताय नाथो,**
**नमो महाकारुणिकस्स तस्स ॥"**

अर्थात्- "जुन सत्त्वलोकको आश्रयदाता लोकनाथले सत्त्वलोकको हित एवं कल्याणको निम्ति कोटी कोटी कल्पसम्म पनि अप्रमेय चार असंख्यर एक लाख कल्पको समयसम्म अति दुष्कर पञ्चमहान परित्याग आदि पुण्य कार्यहरू गरी शारीरिक पीडा कष्ट सहनु भयो, त्यस महाकारुणिक लोकनाथलाई म नमस्कार गर्दछु ।"

**"असम्बुद्धं बुद्धनिसेवितं यं,**
**भवाभवं गच्छति जीवलोको ।**
**नमो अविज्जादि-किलेसजाल-**
**विद्धंसिनो धम्मवरस्स तस्स ॥"**

अर्थात्- "बुद्धद्वारा सधैं सेवित जुन चारमार्ग, चारफल र निर्वाण सहितको नव लोकुत्तर धर्मलाई, स्वभावतः साक्षात्कार गर्न नसकी जीवलोक सुगति र दुर्गति जस्तो ठूलो सानो जन्ममा पुग्नुपरेको छ, अविद्या आदि क्लेशजाललाई निरवशेष विध्वंश पार्ने त्यस उत्तम धर्मलाई म नमस्कार गर्दछु ।"

**"गुणेहि यो सीलसमाधिपञ्ञ-**
**विमुत्तिञाणप्पभुतीहि युत्तो ।**
**खेत्तं जनानं कुसलत्थिकानं,**
**तमरियसंघं सिरसा नमामि ॥**

अर्थात्– "जुन आर्यसंघ चतुपारिशुद्धि शीलादि शील, प्रथमध्यानादि समाधि, आर्यमार्ग प्रज्ञा, फलसमापत्ति, पाँच प्रत्यवेक्षणज्ञान आदि लौकिक लोकुत्तर गुणहरूले युक्त भएको छ, कुशल चाहना गर्ने जनहरूको पुण्यक्षेत्र त्यस आर्यसंघलाई म शिरले नमस्कार गर्दछु ।"

"दीघ, मज्झिम, अंगुत्तर अट्ठकथा" को ग्रन्थारम्भमा पुनः सोही आचार्य भदन्त महाबुद्धघोष स्थविर भन्नुहुन्छ; "शीतल हृदयी, संसारको अन्धकारलाई हटाउने ज्योतिपुञ्ज, करुणामय बुद्ध, बुद्धभाव समेत दिनसक्ने, अनुत्तर धर्म, मारशैन्य मथनकर्ता, सुगत औरसपुत्र संघ, शिरले नमस्कार गर्न सुयोग्य पात्र; वस्तुतः त्रिरत्न निःसन्देह सुखप्रदायक नै हुन् । अतः मेरो मस्तक स्वतः यसरी नत हुन्छ :–

**"करुणासीतलहदयं, पञ्ञापज्जोतवितमोहतमं ।**
**सनरामरलोकगरुं, वन्दे सुगतं गतिविमुत्तं ॥"**

अर्थात्– "जुन आर्यसंघ चतुपारिशुद्धिशीलादि शील, प्रथम ध्यानादि समाधि, आर्यममार्ग प्रज्ञा, फलसमापत्ति, पाँच प्रत्यवेक्षणज्ञान आदि लौकिक लोकुत्तर गुणहरूले युक्त भएको छ, कुशल चाहना गर्ने जनहरूको पुण्यक्षेत्र त्यस आर्यसंघलाई म शिरले नमस्कार गर्दछु ।"

"दीघ, मज्झिम, अंगुत्तर अट्ठकथा" को ग्रन्थारम्भमा पुनः सोही आचार्य भदन्त महाबुद्धघोष स्थविर भन्नुहुन्छ; शीतल हृदयी, संसारको अन्धकारलाई हटाउने ज्योतिपुञ्ज, करुणामय बुद्ध, बुद्धभाव समेत दिनसक्ने, अनुत्तर धर्म, मारशैन्य मथनकर्ता, सुगत औरसपुत्र संघ, शिरले नमस्कार गर्न सुयोग्यपात्र; वस्तुतः त्रिरत्न निःसन्देह सुखप्रदायक नै हुन् । अतः मेरो मस्तक स्वतः यसरी नत हुन्छ :-

**"करुणासीतलहदयं, पञ्ञापज्जोतविहतमोहतमं ।**
**सनरामरलोकगरुं, वन्दे सुगतं गतिविमुत्तं ॥"**

अर्थात्- "करुणा अभिसिञ्चित शीतल हृदय भएको, प्रद्योतित प्रज्ञाज्योतिले मोहरूपी अन्धकारलाई हटाउनु भएको, देव मनुष्यसहित लोकको गौरवपात्र गुरु गतिविमुक्त सुगतलाई म वन्दना गर्दछु ।"

**"बुद्धोपि बुद्धभावं, भावेत्वा चेव सच्छिकत्वा च ।**
**यं उपगतो गतमलं, वन्दे तमनुत्तरं धम्मं ॥"**

अर्थात्– "जुन मल रहित धर्मलाई भाविता एवं साक्षात्कार गरी बुद्ध पनि बुद्धभावमा पुग्नुभएको थियो; त्यस



Downloaded from http://www.dhamma.digital

अनुत्तर (जोडी बिनाको) धर्मलाई म वन्दना गर्दछु।"

**"सुगतस्स ओरसानं, पुत्तानं मारसेनमथनानं।**
**अट्ठन्नम्पि समूहं, सिरसा वन्दे अरियसंघं॥**

अर्थात्- "मारसैन्यलाई मथन गर्ने सुगतका औरसपुत्रहरू हुन्। ती आठ (८) आर्यपुद्गल समूह संघलाई म शिरले वन्दना गर्दछु।"

त्रिरत्नको महानता बाह्य आडम्बरमा होइन, यो आन्तरिक संवेदनशीलतामा र प्रत्यक्षीकरणमा रहेको छ। स्वानुभूतिद्वारा यसको साक्षात्कार हुन्छ। बुद्धश्रावकहरू यसका साक्षी स्वरुप हुन् भनी आर्यगुणालंकृत स्थविर हरूको प्रत्येक क्रियाकलापलाई मूल्यांकन गर्दै प्रस्तुत गर्न प्रयत्नशील आचार्य भदन्त धर्मपाल स्थविरले आफ्नो कीर्ति 'थेर-गाथा अट्ठकथा' को ग्रन्थारम्भमा त्रिरत्नप्रति श्रद्धोन्नत हुँदै भन्नुहुन्छ :-

**"महाकारुणिकं नाथं, ञेय्यसागरपारगुं।**
**वन्दे निपुणगम्भीरं-विचित्रनय-देसनं॥"**

अर्थात्– "ज्ञेयसागरबाट पार जानुभएको, निपुर्ण गम्भीर विचित्रनय देशना गर्ने महाकारुणिक नाथलाई मेरो वन्दना छ।"

"विज्जाच**रणसम्पन्ना, येन निय्यन्ति लोकतो।**
**वन्दे तमुत्तमं धम्मं-सम्मासम्बुद्धपूजितं॥"**

अर्थात्– "जुन धर्मको कारणले विद्या र चरण सम्पन्न पुरुषहरू यस लोकबाट बाहिर निस्कन्छन्, सम्यक्सम्बुद्धद्वारा पूजित त्यस उत्तम धर्मलाई मेरो वन्दना छ।"

"**सीलादिगुणसम्पन्नो, ठितो मग्गफलेसु यो।**
**वन्दे अरियसंघं तं, पुञ्ञक्खेत्तं अनुत्तरं॥"**

अर्थात्- जुन आर्यपुद्गल शील आदि गुणले सम्पन्न भई मार्गफल स्थित भए, बिना जोडीको पुण्यक्षेत्र त्यस आर्यसंघलाई मेरो वन्दना छ।"

बुद्ध त्यो महापुरुष हो, जसको महाकरुणा असीम छ। आफ्नो हातमा आएको परमसुख त्यागेर दुःखमय जीवन व्यतीत गरी परहित चर्यामा लाग्नु बुद्धबाट नै हुनसक्छ। त्यो गुण बुद्धलाई दिने धर्म नै हो। धर्मले नै यो संसारमा दुष्कर्म र पापलाई पन्छाउन सक्तछ। त्यही धर्म धारण गरी आठ आर्यपुद्गल समूह विशुद्ध, निर्मल र स्वच्छ भए। शीलादि गुण-धर्मले परिपूर्ण भए। अतः यी त्रिरत्न नै पूजनीय हुन् भन्ने भाव प्रकट गर्दै "अभिधानप्पदीपिका" शब्दकोष ग्रन्थकार सद्धर्म चिरस्थितिकामी मौद्गल्यायन स्थविरले भावविभोर हुँदै त्रिरत्न प्रणाम गर्नुहुन्छ :–

**"तथागतो यो करुणाकरो करो।**
**पयात-मोसज्ज सुखप्पदं पदं।**
**अका परत्थं कलिसम्भवे भवे,**
**नमामि तं केवल दुक्करं करं॥**

अर्थात्– "महाकरुणाको आधार हुनु भएका जुन तथागतले हातमा पर्न लागेको लोकुत्तर सुखदिने निर्वाणलाई त्यागी दुःखको कारण अथवा क्लेशमलस्थान संसारमा अतिदुष्कर कार्य गरी परार्थचर्या गर्नुभयो, त्यस तथागतलाई म नमस्कार गर्दछु।"

**"अपूजयु यं मुनिकुञ्जरा जरा,**
**रूजादि मुत्ता यहिमुत्तरे तरे।**
**ठिता तिवट्टम्बु निधिं नरा नरा,**
**तरिंसु तं धम्मघप्पहं पहं॥"**

अर्थात्– "जरा, ब्याधि आदि भयउपद्रवबाट मुक्त भइसकेका, मुनिकुञ्जर (बुद्ध) हरूले जुन १० प्रकारका धर्मलाई आचार्यस्थानमा राखी पूजा गरे, पवित्रधर्मरूपी नाउमा सदाचरणद्वारा चढी देवमनुष्यहरूले त्रिलोकरुपी समुद्र पार गरे; दुष्कर्म अथवा पापलाई हटाउने त्यस धर्मलाई म नमस्कार गर्दछु।"

**गतं मुनिन्दो रससूनुतं नुतं।**
**सुपुञ्ञक्खेत्तं भूवने सुतं सुतं॥**
**गणम्पि पाणिं कतसंवरं वरं।**
**सदा गुणोघेन निरन्तरं तरं॥**

अर्थात्- "मुनिन्द्र भगवानको औरसपुत्रको रुपमा रहेको, प्रशंसनीय एवं पूजनीय, राम्रो पुण्यबीज रोप्ने क्षेत्र, त्रिलोक प्रख्यात क्लेश- पानी न चुहिने, प्राणप्रिय प्रातिमोक्षसंवरशील सम्पन्न, देव मनुष्य अभिलषित शीलादि गुणसमूहले सधैं आप्लावित त्यस आठ (८) आर्यपुद्गल समूह संघलाई म सधैं नमस्कार गर्दछु।"


सर्वथा अन्धकारलाई हटाउन सक्ने क्षमता कसैमा छ भने त्यो बुद्ध नै छ। संसाररूपी हिलोबाट कसैले कसैलाई उतार्न सकिन्छ भने त्यो तथागत नै हुन्। यस्तो दुष्कर क्रियाकारी तथागत बुद्धको प्रमाणबाट नै यो संसारले भयउपद्रवबाट छुट्कारा पाउन सकिनेछ। यो अर्न्तदृष्टि प्रस्तुत गर्दै "अभिधर्मकोश" जस्तो अमूल्य एवं प्रसिद्ध ग्रन्थरत्नका रचनाकार आचार्य वसुबन्धु बुद्धलाई ग्रन्थारम्भमा सर्वप्रथम अभिवादन चढाउँदै श्रद्धा प्रकट गर्नुहुन्छ :

**"यः सर्वथा सर्वहतान्धकारः,**
**संसारपंकाज्जगदुज्जहारः।**
**तस्मै नमस्कृत्य यथार्थशास्त्रे,**
**शास्त्रं प्रवक्ष्याम्यभिधर्मकोशम्॥"**

अर्थात्– "जसले सबै अन्धकारलाई सर्वथा विनाश गर्नुभयो, जसले संसार-पंकबाट जगतको उद्धार गर्नुभयो, यथार्थवादी उनी शास्तालाई म अभिधर्मकोश नामक शास्त्र प्रवचनपूर्व, नमस्कार गर्दछु।"



Downloaded from http://www.dhamma.digital




# अङ्गुत्तरनिकाय



**उपसंघनायक भिक्षु बोधिसेन महास्थविर**
अनुवादक

## पच्चोरोहणिवग्गो

### १. पठमअधम्मसुत्तं

"भिक्षुहो ! अधर्म तथा अनर्थ थाहा पाउनु पर्छ । धर्म तथा हितकर हुने थाहा पाउनु पर्छ । अधर्म तथा अनर्थकर थाहा पाई, धर्म तथा हितकर हुने थाहा पाई, जुन धर्म तथा जुन हितकर हो, त्यस अनुसार नै आचरण गर्नुपर्छ ।"

"भिक्षुहो ! अधर्म तथा अनर्थ के के हुन ? मिथ्यादृष्टि, मिथ्यासंकल्प, मिथ्यावाचा, मिथ्याकर्मान्त, मिथ्याआजीविका, मिथ्याव्यायाम, मिथ्यास्मृति, मिथ्यासमाधि, मिथ्याज्ञान र मिथ्याविमुक्ति - भिक्षुहो ! यी नै अधर्म तथा अनर्थ हुन् ।"

"भिक्षुहो ! धर्म तथा हितकर के के हुन ? सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवाचा, सम्यककर्मान्त, सम्यकआजीविका, सम्यकव्यायाम, सम्यकस्मृति, सम्यकसमाधि, सम्यकज्ञान र सम्यकविमुक्ति - भिक्षुहो ! यी नै धर्म तथा हितकर भनिन्छ ।"

"भिक्षुहो ! अधर्म तथा अनर्थ हुने थाहा पाउनु पर्छ । धर्म तथा हितकर हुने थाहा पाउनु पर्छ । अधर्म तथा अनर्थ हुने थाहापाई, धर्म तथा हितकर हुने थाहा पाई, जुन धर्म तथा जुन हितकर हुने हो, त्यस अनुसार नै आचरण गर्नुपर्छ । यसरी जुन त्यो भने, यही अर्थलाई लिएर भनेको हुँ ।"

### २. दुतिय अधम्मसुत्तं

"भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ । हितकर र अहितकर थाहा पाउनु पर्छ । अधर्म र धर्म थाहा पाई, हितकर र अहितकर थाहा पाई जुन धर्म र हितकर हुन्, त्यस अनुसार नै आचरण गर्नुपर्छ ।"

"भिक्षुहो ! मिथ्यादृष्टि अधर्म हो । सम्यक दृष्टिधर्म हो । जुन मिथ्यादृष्टि हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकर हो । सम्यकदृष्टिको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ । यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्यासंकल्प अधर्म हो । सम्यकसंकल्प धर्म हो । जुन मिथ्यासंकल्प हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकर हो । सम्यकसंकल्पको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ । यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्यावाचा अधर्म हो । सम्यकवाचा धर्म हो । जुन मिथ्यावाचा हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकवाचाको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्याकर्मान्त अधर्म हो । सम्यककर्मान्त धर्म हो । जुन मिथ्याकर्मान्त हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यककर्मान्तको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्याआजीविका अधर्म हो । सम्यकआजीविका धर्म हो । जुन मिथ्याआजीविका हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकआजीविकाको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्याव्यायाम अधर्म हो । सम्यकव्यायाम धर्म हो । जुन मिथ्याव्यायाम हो, त्यसको कारणले जुन अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकव्यायामको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्यास्मृति अधर्म हो । सम्यकस्मृति धर्म हो । जुन मिथ्यास्मृति हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकस्मृतिको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्यासमाधि अधर्म हो । सम्यकसमाधि धर्म हो । जुन मिथ्यासमाधि हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकसमाधिको कारणले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्याज्ञान अधर्म हो । सम्यकज्ञान धर्म हो । जुन मिथ्याज्ञान हो, त्यसको कारणले अनेक



Downloaded from http://www.dhamma.digital

पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकज्ञानले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! मिथ्याविमुक्ति अधर्म हो । सम्यकविमुक्ति धर्म हो । जुन मिथ्याविमुक्ति हो, त्यसको कारणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकारी हो । सम्यकविमुक्तिले अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकारी हो ।"

"भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ । हितकर र अहितकर थाहा पाउनु पर्छ । अधर्म र धर्म थाहा पाई, हितकर र अहितकर थाहा पाई जुन धर्म र हितकर हुन् त्यस अनुसार नै आचरण गर्नुपर्छ । यसरी जुन त्यो भने, यी नै अर्थलाई लिएर भनेको हुँ ।"

## ३. ततियअधम्मसुत्तं

"भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ । हितकर र अहितकर थाहा पाउनु पर्छ । अधर्म र धर्म थाहा पाई, हितकर र अहितकर थाहा पाई जुन धर्म र हितकर हुन्, त्यस अनुसार नै आचरण गर्नुपर्छ -भगवानले यति भन्नुभएपछि सुगत आसनबाट उठेर विहार भित्र पस्नुभयो ।

भगवान जानुभएको केही समयपछि ती भिक्षुहरूको मनमा यस्तो भयो - "आवुसो हो ! भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ विभाजित नगरी आसनबाट उठेर विहार भित्र पस्नुभयो - 'भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ । हितकर र अहितकर थाहा पाउनु पर्छ । अधर्म र धर्म थाहा पाई, हितकर र अहितकर थाहा पाई जुन धर्म र हितकर हुन्, त्यस अनुसार नै आचरण गर्नुपर्छ ।' भगवानले संक्षिप्तरुपमा दिनुभएको उपदेश विस्तृतरुपले अर्थको ब्याख्या कसले गरिदेला ?"

अनि त्यहाँ भएका भिक्षुहरूलाई यस्तो भयो - "यहाँ आयुष्मान आनन्द हुनुहुन्छ, वहाँ शास्ताद्वारा प्रशंसित हुनुहुन्छ अनि विज्ञ सब्रह्मचारीबाट सम्मानित हुनुहुन्छ। भगवानबाट संक्षिप्तरुपमा अविभक्त गरी धर्मोपदेश दिनुभएकोलाई वहाँ आयुष्मान आनन्दले सबिस्तार अर्थ विभक्त गरिदिनुहुन्छ । हामी किन जहाँ आयुष्मान आनन्द हुनुहुन्छ त्यहाँ नजाऔं, त्यहाँ पुगी आयुष्मान आनन्दसँग नै यस विषयमा सोध्नुपर्ला। जसरी आयुष्मान आनन्दले ब्याख्या गर्नुहुन्छ त्यही अनुरुप धारण गर्नेछौं ।"

अनि त ती भिक्षुहरू जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी आयुष्मान आनन्दसँग आदरभाव प्रकट गरे । आदरभाव प्रकट गरी कुशलवार्तापछि एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती भिक्षुहरूले आयुष्मान आनन्दलाई यसरी भने -

आवुसो आनन्द ! भगवानले विस्तृत ब्याख्या गर्नुभएन तथा संक्षिप्तरुपले धर्मोपदेश दिनुभई आसनबाट उठेर विहार भित्र पस्नुभयो - 'अधर्म ....' आचरण गर्नुपर्छ ।

"त्यस समय आवुसो आनन्द भगवान जानुभएको केही समयपछि हामी भिक्षुहरूको मनमा यस्तो भयो - ' आवुसो हो ! भगवानले यो संक्षेपमा दिनुभएको धर्मोपदेश तथा अर्थ अविभाजित गरी आसनबाट उठेर विहार भित्र पस्तुभयो - अधर्म ..... आचरण गर्नुपर्छ ।' भगवानले संक्षिप्त रुपले दिनुभएको उपदेशलाई विस्तृतरुपले अर्थको ब्याख्या कसले गरिदेला ?"

"त्यस समय आवुसो आनन्द ! हामीलाई यस्तो लाग्यो - 'यहाँ आयुष्मान आनन्द हुनुहुन्छ, वहाँ शास्ताद्वारा प्रशंसित हुनुहुन्छ अनि विज्ञ सब्रह्मचारीबाट सम्माानित हुनुहुन्छ । भगवानबाट संक्षिप्तरुपले अविभक्त गरी धर्मोपदेश दिनुभएकोलाई वहाँ आयुष्मान आनन्दले सविस्तार धर्मोपदेशको अर्थ विभक्त गरिदिनु हुनेछ । हामी किन जहाँ आयुष्मान आनन्द हुनुहुन्छ त्यहाँ नजाऔं, त्यहाँ पुगी आयुष्मान आनन्दसँग नै यस विषयमा किन नसोधौं । जसरी आयुष्मान आनन्दले ब्याख्या गर्नुहुनेछ त्यहि अनुरुप धारण गर्नेछौं ।' आयुष्मान आनन्दले यसको ब्याख्या गरिदिनुस् ।"

"जस्तै कि, आवुसो हो ! 'सार' को खोजी गर्ने कोही ब्यक्तिको सार भएको महावृक्ष सामुन्ने रहँदा पनि त्यस सार, मूल तथा स्कन्ध छाडी त्यसको शाखा तथा पातमा सार खोज्दै हिंड्छ । यस्तै गरी आयुष्मानहरूले पनि शास्ताको उपस्थितिमा पनि वहाँलाई छाडेर मसँग यो जिज्ञासा राखे जस्तै भयो । आयुष्मानहो ! वहाँ भगवानले जुन जान्नु पर्ने हो, त्यो जान्नु भएको छ, जुन देख्नु पर्ने हो, त्यो देख्नु भएको छ, वहाँ चक्षुवान, ज्ञानवान, धर्मवान, ब्रह्मस्वरुप, वक्ता, प्रवक्ता, अर्थतिर लानु हुने, अमृतदायी, धर्मस्वामी अनि तथागत हुनुहुन्छ । तिमीहरूको निम्ति यो उचित समय हो कि, तिमीहरू भगवान कहाँ नै गई यसको यथार्थ भावलाई सोधे हुन्छ । तिमीहरूको निम्ति यो उचित समय हो कि, तिमीहरू भगवानकहाँ नै गई यसको यथार्थ भावलाई सोधे हुन्छ । वहाँ भगवानले जसरी ब्याख्या गर्नु हुनेछ, त्यसरी नै धारण गर्नु ।

"निश्चय नै हो, आवुसो आनन्द ! वहाँ भगवानले जुन जान्नु पर्ने हो, त्यो जान्नु भएको छ, जुन देख्नु पर्ने हो, त्यो देख्नु भएको छ, वहाँ चक्षुवान, ज्ञानवान, धर्मवान, ब्रह्मस्वरुप, वक्ता, प्रवक्ता, अर्थतिर लानुहुने, अमृतदायी, धर्मस्वामी अनि तथागत हुनुहुन्छ । यद्यपि हाम्रो निम्ति यही नै योग्य समय हो कि, हामी भगवानकहाँ गइ यसको



Downloaded from http://www.dhamma.digital

यथार्थ भावलाई सोध्ने । वहाँ भगवानले जसरी व्याख्या गर्नु हुनेछ त्यसरी धारण गर्ने छौं । तै पनि आयुष्मान आनन्द यहाँ शास्ताद्वारा प्रशंसित हुनुहुन्छ अनि विज्ञसब्रह्मचारीबाट सम्मानित हुनुहुन्छ । आयुष्मान आनन्दले नै भगवानबाट संक्षिप्तरूपले अविभक्त गरी धर्मोपदेश दिनुभएकोलाई सविस्तर धर्मोपदेशको अर्थ विभक्त गरिदिनुस् । आयुष्मान आनन्दले नै सरलरूपले व्याख्या गरिदिनुस् ।"

त्यसोभए आवुसो हो ! सुन, राम्रोसित मनमा धारण गर भन्नेछु ।" हुन्छ, आवुसो !" भनी ती भिक्षुहरूले आयुष्मान आनन्दलाई प्रत्युत्तर दिए । आयुष्मान आनन्दले यसरी भन्नुभयो–

"आवुसो हो ! जुन भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ अविभाजित गरी आसनबाट उठेर विहार भित्र पस्नुभयो– 'भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ । हितकर र अहितकर थाहा पाउनु पर्छ । अधर्म र धर्म थाहा पाई, हितकर र अहितकर थाहा पाई जुन धर्म र जुन हितकर हो, त्यस अनुसार नै आचरण गर्नुपर्छ ।'

"आवुसोहो ! अधर्म के हो, धर्म के हो, अहितकर के हो अनि हितकर के हो ?

"आवुसोहो ! मिथ्यादृष्टि अधर्म हो । सम्यकदृष्टि धर्म हो । जुन मिथ्यादृष्टि हो, त्यसको कराणले अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकर हो । सम्यकदृष्टि हुँदा अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ, यो हितकर हो ।

"आवुसोहो ! मिथ्यासंकल्प अधर्म हो । सम्यकसंकल्प धर्म हो... आवुसोहो ! मिथ्यावाचा अधर्म हो । सम्यकवाचा धर्म हो... आवुसोहो ! मिथ्याकर्मान्त अधर्म हो । सम्यककर्मान्त धर्म हो... आवुसोहो ! मिथ्याआजीविका अधर्म हो । सम्यकआजीविका धर्म हो... आवुसोहो ! मिथ्याव्यायाम अधर्म हो । सम्यकव्यायाम धर्म हो... "आवुसोहो ! मिथ्यास्मृति अधर्म हो । सम्यकस्मृति धर्म हो... आवुसोहो ! मिथ्यासमाधि अधर्म हो । सम्यकसमाधि धर्म हो.... आवुसोहो ! मिथ्याज्ञान अधर्म हो । सम्यकज्ञान धर्म हो.... आवुसोहो ! मिथ्याविमुक्ति अधर्म हो । सम्यक-विमुक्ति धर्म हो । मिथ्याविमुक्ति हुँदा जुन अनेक पापमय अकुशल धर्मको सृजना हुन्छ, यो अहितकर हो । सम्यकविमुक्ति हुँदा अनेक कुशल धर्मको विकासमा परिपूर्ति हुन्छ । यो हितकर हो ।

"आवुसोहो ! जुन भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ अविभाजित गरी आसनबाट उठेर विहार भित्र पस्नुभयो– 'भिक्षुहो ! अधर्म र धर्म थाहा पाउनु पर्छ.... त्यस अनुसार नै आचरण गर्नुपर्छ ।' आवुसोहो ! भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ अविभाजित गरी दिनुभएको उपदेश यसरी नै सविस्तार अर्थ बुझ्दछु । आवुसोहो ! यदी चाहेमा तिमीहरू भगवानकहाँ गएर पनि यो कुरा सोध्न सक्छौं । जसरी भगवानले व्याख्या गर्नु हुनेछ त्यसरी नै धारण गर्नु ।"

"हवस्, आवुसो ! भनी ती भिक्षुहरूले आयुष्मान आनन्दले भन्नुभएकोलाई अभिनन्दन र अभिवादन गरी आसनबाट उठी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवानलाई अभिवादन गरी एक ठाउँमा बसे । एक ठाउँमा बसेपछि ती भिक्षुहरूले भगवानलाई यसरी भने–

"जुन भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ अविभाजित गरी आसनबाट उठेर विहार भित्र पस्नुभयो– 'भिक्षुहो ! अधर्मलाई थाहा पाउनु पर्छ.... त्यस अनुसार नै आचरण गर्नुपर्छ ।'

त्यस समय भन्ते ! भगवान जानु भएको केही समयपछि हामी भिक्षुहरूको मनमा यस्तो भयो– "आवुसोहो ! भगवानले संक्षेपमा धर्मोपदेश दिनुभई, विस्तारपूर्वक अर्थ अविभाजित गरी आसनबाट उठेर विहार भित्र पस्नुभयो । 'भिक्षुहो ! अधर्म थाहा पाउनु पर्छ... त्यस अनुसार नै आचरण गर्नुपर्छ ।' भगवानले संक्षिप्तरूपमा दिनुभएको उपदेश विस्तृतरूपले अर्थको व्याख्या कस्ले गरिदेला ?"


अनि त्यहाँ भएका भिक्षुहरूलाई यस्तो भयो– "यहाँ आयुष्मान आनन्द हुनुहुन्छ, वहाँ शास्ताद्वारा प्रशंसित हुनुहुन्छ अनि विज्ञसब्रह्मचारीबाट सम्मानित हुनुहुन्छ । भगवानबाट संक्षिप्तरूपले अविभक्त गरी धर्मोपदेश दिनुभएकोलाई वहाँ आयुष्मान आनन्दले सविस्तार अर्थ विभक्त गरिदिनु हुनेछ । हामी किन जहाँ आयुष्मान आनन्द हुनुहुन्छ त्यहाँ नजाऔं, त्यहाँ पुगी आयुष्मान आनन्दसँग नै यस विषय किन नसोधौं । जसरी आयुष्मान आनन्दले व्याख्या गर्नुहुनेछ त्यही अनुरूप धारण गर्नेछौं ।"

"अनि त हामी भिक्षुहरू जहाँ आयुष्मान आनन्द हुनुहुन्थ्यो त्यहाँ गयौं । त्यहाँ पुगी आयुष्मान आनन्दसँग यसविषय सोध्यौं । त्यसविषयमा भन्ते ! आयुष्मान आनन्दले यसरी आकारसहित, पदसहित र व्यञ्जनसहित राम्रोसित व्याख्या गरिदिनु भयो ।"


"साधु, साधु भिक्षुहो ! आनन्द, पण्डित हुन्, भिक्षुहो ! आनन्द, महाप्रज्ञावान हुन् । भिक्षुहो ! मकहाँ आई यस विषयमा सोधे मैले पनि यसरी नै व्याख्या गर्छु, जसरी आनन्दले गरे । यसको अर्थ यही नै हो, यसलाई नै धारण गर्नु ।" ♦



Downloaded from http://www.dhamma.digital




# १२. देवदत्तया खँ



**भिक्षु धर्मगुप्त महास्थविर**
अनुवादक

**गत अंकपाखें क्रमशः** .......

"थन सन्ताप जुइ...." धयागु थुगु धर्मदेशना शास्ता जेतवनय् च्वनाबिज्यानाः च्वंबले देवदत्तया कारणय् आज्ञा जुया बिज्यात ।

देवदत्तया खँ प्रव्रजितकालं निसें गुबले पृथ्वी दुसुना वंगुतक देवदत्तया कारणय् कना बिज्याःगु उपिं जातकय् विस्तृतं कना बिज्यात । थ्व थन संक्षिप्तं खः - शास्ता, अनुप्रिय धयागु मल्लपिनिगु निगम दु, उगु निगमया आधारं अनुप्रिय आम्रवनय् च्वना बिज्यानाः च्वंबले हे तथागतया लक्षण प्रतिग्रहण याःगु दिनय् हे चय्द्वः थःथितिया कुलं "जुजु जूसां बा बुद्ध जुया बिज्यासां, क्षत्रीय परिवारपिं नापं हे जुइ" धकाः चय्द्वः प्रतिज्ञा याःगु खः । इपिं मध्ये प्राय यानाः प्रव्रजित जूपिं भद्दिय धयाम्ह राजा, अनुरुद्ध, आनन्द, भगु, किमिल व देवदत्त समेत थुपिं खुम्ह शाक्यपिं प्रव्रजित मजूगु खनाः, "जिमिसं थः मस्तय्त प्रव्रजित याये, थुपिं खुम्ह शाक्यपिं न थःथितिपिं मखु धकाः मतीतल, उकिं प्रव्रजित मजूगु खः" धकाः खँ न्ह्यःथन । अले महानाम शाक्य अनुरुद्धयाथाय् लिक्क वनाः, "तात, झीगु कुलं प्रव्रजित जूपिं मदु, छसां प्रव्रजित जु, अथवा जिसां प्रव्रजित जुइ" धकाः धाल । व सुकुमार जुया भोगसम्पत्तिं सम्पन्नम्ह खः, "मदु" धयागु वचन नं वं न्हापा गुबले नं न्यने मनंम्ह खः । छन्हुया दिनय् इपिं खुम्ह क्षत्रीयपिं मध्ये अनुरुद्ध गुलक्रिडा म्हितुगुलिइ मरिं बुना मरियानितिं काय्के छ्वल, अले वया मामं मरि तयार यानाः छ्वल । इपिं नया हानं म्हितल । हानं हानं वया हे पराजय जुल । मामं वयात छ्वछ्वं स्वक्वतक मरि छ्वया, प्यक्वगु पटकय् "मरि मदु" धका लिछ्वल । वं "मदु" धकाः धयागु वचन न्हापा न्यने मनंगु जुया "थुजागु नं छगू मरि दु जुइ" धकाः मती तया "मदुगु मरिसां जित कया हिं" धका छ्वल । मामं, वयात "मदु मरिसां ब्यु आर्या," धकाः धायेवं, "जिमि काय्नं 'मदु धयागु वचन नं न्हापा न्यने मनंगुलिं यानाः, थ्व छगू उपायं वयात थ्व खँ सिइके बिइ" धकाः खालीगु सुवर्णपात्रयात मेगु सुवर्णपात्रं त्वःपुया छ्वया बिल । नगर संरक्षक देवतापिंसं बिचाः यात - "अनुरुद्ध शाक्य अन्नभार जुयाच्वंबले थःगु भाग भोजन उपरिट्ठ प्रत्येकबुद्धयात दान बिया "'मदु धयागु वचन जिं न्यने म्वाःलेमा, भोजनया उत्पत्तिस्थान सिइके म्वाःलेमा' धकाः प्रार्थना यात, यदि थ्वं खालीगु पात्र खंसा, देवसभागमनय् दुहाँवने दइमखु, छ्यं जिमिगु न्हय्कु दलिइ ।" अले वया पात्रय् दिव्य मरिं जायेका बिल । उगु थल म्हितेगु थासय् तयाः उलेवं हे मरिया नस्वाः फुक्क नगरय् त्वःपुया च्वन । मरिया तुक्रा म्हुतुइ तयेवं हे न्हय्द्वःगु रस वःगु थें जुया फैले जुल ।

वं बिचाः यात - "मामाँया जित मयः जुइ, थुलिमछि समय जित थ्व मदु मरि धयागु छुना मब्यु थनिंनिसें मेगु मरि नये मखुत" धका, व छेँय् वनाः मामँयाके न्यन - "माँ, छःपिन्त जि यः कि मयः ।" "बाबु, छपाः जक मिखा दुम्हसिया मिखा थें व नुगःचु थें जित तःसकं हे यःम्ह खः ।" "अथेसा छाय् ले, थुलिमछि समयतक जित 'मदु मरि' धयागु मछुनागु, माँ ?" वं चिधिम्ह उपस्थापकयाके न्यन - "छुं नं पात्रय् दुला, बाबु ?" "आर्ये, पात्रय् मरिं जायाच्वंगु खः, थुजागु मरित धयागु जिं न्हापा मखनाः" धकाः कन । वं बिचाः यात - "जिमि काय् पुण्यवान् व दृढसंकल्प यानाःम्ह जुइमा, देवतापिंसं पात्रय् जायेकाः मरित छ्वया हःगु जुइ ।" "अले वयात काय्म्हं, माँ, थनिं निसें जिं मेगु मरि नये मखु, मदु मरि हे जक छ्यू ।" वं नं वयात उबले निसें "मरि नयेगु इच्छा जुल" धकाः धायेवं खालीगु पात्रय् मेगु पात्रं त्वःपुया छ्वइगु जुयाच्वन । गुबलेतक छेँय् दुने च्वनाच्वन, उबलेतक वयात देवतां हे मरित छ्वया बिल ।

वं थुलि नं मस्यूम्हसिनं प्रव्रज्या धयागु छु धयागु सिइ ला ? उकिं "थुजागु प्रव्रज्या धयागु छु खः ?" धकाः दाजुयाके न्यनाः "सँ दारि खाना काषायवस्त्रं पुना सिँपौलिइ बा स्यंगु खाताय् द्यना (गोतुला) भिक्षाटनया नितिं जुया च्वनाच्वनेमाः । प्रव्रज्या धयागु थुजागु खः" धकाः धायेवं, "दाइ, जि सुकुमारम्ह खः । जि प्रव्रजित जुइ मफु" धकाः धाल । "अथेसा, किजा, ज्या सयेका गृहवासय् च्वं । झीपिं मध्ये छम्ह प्रव्रजित मजूसे च्वने फइमखु ।" अले वयात "थ्व ज्या धयागु छु खः ?" धकाः न्यन । "भोजन यायेगु थाय् बाय् हे मस्यूम्ह कुलपुत्रं गनं ज्या धयागु सिइ ?" छन्हुया दिनय् स्वम्ह क्षत्रीयपिनि दथुइ खँ जुल - "भोजन धयागु गनं वइगु (उत्पन्न जुइगु) ।" किमिलं धाल - "कुथिं वइगु ।"



Downloaded from http://www.dhamma.digital

अले वयात भद्दियं "छं भोजन वइगु थाय् हे मस्यूनी, भोजन धयागु भुतुलिं वइगु" धकाः धाल । अनुरुद्धं "छिपिं निम्हसिनं नं मस्यू, भोजन धयागु रत्न थुनातःगु सुवर्णपात्रं वइगु" धकाः धाल ।

इपिं मध्ये, छन्हुया दिनय् किमिलं कुथिं वा पित हयाच्वंगु खनाः, "थुपिं कुथिइ हे उत्पन्न जूगु खः" धकाः मती तःम्ह जुल । भद्दियं छन्हुया दिनय् भुतुलिइ भोजन थुयाच्वंगु खनाः "भुतुलिं हे उत्पन्न जूगु खः" धकाः मती तःम्ह जुल । अनुरुद्धं न वा दाःगु खन, नत भोजन थूगु हे खन, भोजन दयेकाच्वंगु न्हापा गुबलें नं मखन, बूगु भोजन न्ह्यने तयातःगु जक खन । वं नयेगु इच्छा जुइबले "भोजन पात्रय् दयावइगु" धकाः मतीतल । थथे इपिं स्वम्हसिनं भोजन उत्पत्तिया थाय्बाय् मस्यू । इमिसं वयाके "छु थ्व ज्या धयागु खः ?" धकाः न्यनेवं, "न्हापालाक बुँ पायेकेमा" धकाः आदि वर्षय् वर्षय् यायेमाःगु ज्यात न्यना, "गुबले थुपिं ज्यातय्गु अन्त खने दइ, गनं भीपिं सुखपूर्वक भोगसम्पत्ति भोग यानाः च्वनापिं खः" धकाः धया ज्याया अन्त मदुगुयात कंगुलिं "अथेसा छि हे छेँय् च्वनादिसँ, जित थ्व माःगु मदु" धकाः माँमयाथाय् लिक्क वनाः, "जित अनुमति ब्यु, माँ, प्रव्रजित जुइत" धकाः धया, माँमं नाना प्रकारं स्वक्वतक अस्वाकार याःत नं, "यदि छं पासा भद्दियराजा प्रव्रजित जुइसा, व नापं प्रव्रजित जु" धकाः धायेवं वयाथाय् लिक्क वनाः, "पासा, जिगु प्रव्रज्या छ नापं स्वापु दु" धकाः धया वयात नाना प्रकारं थुइके बियाः न्हय्न्हु दुबले थःम्हनापं प्रव्रजित जूइत प्रतिज्ञा (बचं) काल ।

अनंलि भद्दिय शाक्यराजा, अनुरुद्ध, आनन्द, भगु, किमिल वदेवदत्त, थुपिं खुम्ह क्षत्रीयपिं व उपालि नौ समेत न्हय्म्हसिनं दिव्यसम्पत्तियात द्योपिंसं अनुभव याइ थें न्हय् न्हुतक सम्पत्तियात अनुभव यानाः उद्यानय् वनीबले थें चतुरङ्गी सेनानापं पिहाँवया मेगु राज्यय् थ्यंका राजाया आज्ञां सेनायात लितछ्वया मेगु राज्यय् दुहाँवन । अन खुम्ह क्षत्रीयपिं थथःगु तिसात त्वःया प्वःचिना, "हे उपालि, छ लिहाँ हुँ, थुपिं थुलिं छन्त जीविका यायेत गाः" धकाः वयात बिल । वं इमिगु पादमूलय् भोस्सुनाः विलाप यानाः इमिगु आज्ञा अतिक्रमन याये मफया दना उगु ज्वनाः लिहाँवन । इपिं निथ्वः जूबले, गुँ ख्वयाहःगु थें, पृथ्वीकम्पायमान जूगु थें जुल । उपालि नौ नं भतिचा वनाः लिहाँवया "थ्व शाक्यत हारांपिं खः, 'थ्वं कुमापिन्त स्यात' धका जित नं स्याइ । थुपिं शाक्यकुमारपिसं थुजागु सम्पत्तियात त्याग यानाः थुपिं मू मदुगु तिसात खै फाये थें वाँछ्वया प्रव्रजित जुइ, जित जक छु ले" धकाः सामानप्वः लिकया फुक तिसात सिमाय् खाया "माःपिंसं काः" धकाः धया इमिथाय् लिक्क वना, इमिसं "छाय् लिहाँ वयागु ?" धकाः न्यनेवं उगु खँ कन । अले वयात इमिसं ब्वनाः शास्तायाथाय् वनाः, "भन्ते, जिपिं शाक्यत धयापिं अभिमानीपिं खः, थ्व जिमिगु ताःकालतक सेवायाम्ह खः, थ्वयात न्हापालाक प्रव्रजित यानाः बिज्याहुँ, अले जिमिसं वयात अभिवादनादि याये, थथे जिमिगु अभिमान (तःधंसू) मदयाः वनी (मानमर्दन जुइ)" धकाः धया वयात न्हापालाक प्रव्रजित यानाः लिपा थःपिं प्रव्रजित जुल । इपिं मध्ये आयुष्मान् भद्दिय उगु हे वर्षावासया दुने त्रिविज्ञम्ह जुल । आयुष्मान् अनुरुद्ध दिव्यचक्षुम्ह प्राप्तम्ह जुया लिपा महावितर्कसूत्र न्यनाः अर्हत्त्वय् थ्यन । आयुष्मान् आनन्द श्रोतापत्तिफलय् प्रतिस्थित जुल । भगु स्थविरं व किमिल स्थविर लिपा विपश्यनायात वृद्धियानाः अर्हत्त्वय् थ्यन । देवदत्त जक लौकिक ऋद्धि प्राप्तम्ह जुल ।

लिपा शास्ता कौशाम्बी बिज्यानाः च्वंबले श्रावकसंघपिंसहित तथागतयात महान् लाभसत्कार उत्पन्न जुल । मनूत वस्त्र, वासः आदि ल्हाःतं ज्वनाः विहारय् दुहाँवनाः "गन शास्ता दु, गन सारिपुत्र स्थविर दु, गन महामोगल्लान स्थविर दु, गन महाकाश्यप स्थविर दु, गन भद्दिय स्थविर दु, गन अनुरुद्ध स्थविर दु, गन आनन्द स्थविर दु, गन भगु स्थविर दु, गन किमिल स्थविर दु ?" धकाः चय्म्ह महाश्रावकपिं फयेतुइगु थाय् स्वस्वं जुयाच्वन । "देवदत्त स्थविरं गन फयेतुना च्वंगु बा दनाच्वंगु दु ?" धकाः न्यंपिं सुं मदु । वं बिचाः यात - "जि नं थुपिं नापं हे प्रव्रजित जुयाम्ह खः, थुपिं नं क्षत्रीय प्रव्रजित जूपिं खः, जि नं क्षत्रीय प्रव्रजित खः, लाभसत्कारादि ल्हाःतं ज्वनाः वःपिं मनूतय्सं थुमित हे जक मालाच्वन, जिगु नां तकं काःपिं मदु । सुनापं मिलेजुया सुयात प्रसन्न यायेवं जित लाभसत्कार उत्पन्न जुइ" धकाः बिचाः यात । अले वयात थथे जुल - "थ्व जुजु बिम्बिसार प्रथम दर्शनय् हे छगू लाख व भिद्वः मनूतनापं श्रोतापत्तिफलय् प्रतिस्थित जुल, थ्व नापं मिले जुइ फइमखु, कोसल जुजुनापं नं मिले जुइ फइमखु । थ्व जुजु काय् अजातशत्रुकुमारं सुयाःगु नं गुणदोष मस्यू, थ्वनापं मिले जुइ माल ।" व कौसाम्बीं राजगृहय् वनाः कुमारया भेषकया प्यम्ह सर्पत ल्हाःतुति प्यथाय्, छम्ह गःपतय् हिना, छम्ह छ्यने कुइका, चीवर एकांशं न्येया, थथे सर्प हिना आकाशं क्वहाँ वया अजातशत्रुया मुलय् फयेतुइवं, व ग्यानाः "छ सु ?" धकाः न्यनेवं "जि देवदत्त खः" धकाः धया वया भय मदयेकेत उगु थःगु शरीरया भेषतुं कया संघाटि पात्रचीवरधारीम्ह जुया न्ह्यने च्वनाः वयात प्रसन्न यानाः लाभसत्कार उत्पन्न यात । व लाभसत्कारय् लिप्तम्ह जुया "जिं भिक्षुसंघयात न्ह्याके" धकाः मभिंगु चित्त उत्पन्न यानाः, उगु चित्त उत्पत्तिया कारणं ऋद्धिं च्युत जुया वेलुवन



Downloaded from http://www.dhamma.digital

विहारय् थः परिषद्यात धर्मदेशना यानाः बिज्यानाः च्वंम्ह शास्तायात वन्दना यानाः आसनं दना ल्हाः ज्वजलपा यानाः – "भन्ते, भगवान्, आः छःपिं जीर्ण, वृद्ध व वैश वन, आः याउँक सुखं च्वना, साधना यानाः बिज्याहुँ, जिं भिक्षुसंघयात न्ह्याके, जित भिक्षुसंघ लःल्हाना बिया बिज्याहुँ" धकाः धया शास्तां खैफाये थें ब्वःबिया, अप्रसन्न यानाः प्रतिसेध यायेवं मन सुख मदयेका तथागतप्रति थ्व न्हापांगु बदला कायेगुभाव तयाः लिहाँवन ।

अले वयात भगवान् बुद्धं राजगृहय् प्रकाशनीयकर्म( संघः अलग्ग यायेगु ज्या) याके बिल । वं "आः जि श्रमण गौतमं त्याज्यम्ह जुल, आः वयात जिं अनर्थ याये" धकाः अजातशत्रुयाथाय् लिक्क वनाः, "कुमार, न्हापा मनूतय्गु आयु ताःहाक, आः पतिहाःक जुइ धुंकल । थुजागु नं अवस्था दु, छ थः कुमारबले हे सिइ नं फु, अथे जुया कुमार, छं बौयात स्यानाः जुजु जू, जिं बुद्धयात स्यानाः बुद्ध जुये" धकाः धायेवं राज्यय् प्रतिस्थित जूबले तथागतयात स्यायेया निर्तिं मनूत छ्वःपिं इपिं श्रोतापत्तिफलय् थ्यंका लिहाँ वनेवं, थः गृध्रकूट पर्वतय् गया, "जिं हे श्रमण गौतमया ज्यान काये" धकाः ल्वहंतं कयेका हिबाः वयेकेगु ज्याः यानाः, थ्व उपायद्वारा नं स्याये मफया हानं नालागिरी किसियात तोतके बिल । किसि वयेवं आनन्द स्थविर थःगु ज्यान त्याग यानाः शास्ताया न्ह्यने दनाच्वन । शास्तां किसियात दमन यानाः, शहरं पिहाँवया विहारे बिज्यानाः द्वलंद्वः उपासकपिंसं हःगु महादान सेवनयानाः बिज्यानाः, उगु दिनय् वयाच्वंपिं झिंच्यागू करोड राजगृहवासीपिन्त आनुपूर्वि खँ कनाः बिज्यानाः चयेप्यद्वः प्राणीपिं धर्मज्ञान लाभ जुइवं "अहो, आयुष्मान् आनन्दया महागुण, उजाम्ह किसि वःबले नं थःगु ज्यानयात त्याग यानाः शास्ताया न्ह्यने हे दनाच्वन" धकाः स्थविरया गुणया खँ न्यनाः "भिक्षुपिं, आः जक मखु, न्हापा नं थ्वं जिगु निर्तिं ज्यान पाःगु (त्याग याःगु) खः" धकाः धया बिज्यानाः भिक्षुपिंसं वनेवं चूलहंस- महाहंस-कक्कटक जातकत कना बिज्यात । देवदत्तया ज्या उलि प्रकट मजू (मनूतय्सं मस्यू), गथे जुजुयात स्याके ब्यूगु, स्याइपिं नं छ्वया हःगु व ल्वहंतं नं कयेकूगु प्रकट मजूगु खः, नालागिरी त्वःता हःबले जक प्रकट जुल । उबले आपालं मनूतय्सं "जुजुयात नं देवदत्तं हे स्याके ब्यूगु खः, स्याइपिं नं छ्वया हःगु खः, ल्वहंतं नं कयेकूगु खः (धका प्रकट जुल) । आः वं हे नालागिरी किसियात तोतके ब्यूगु खः, थुजाम्ह मभिंम्हसित ज्वनाः जुजु (अजातशत्रु) जुयाच्वन" धकाः कोलाहल यात ।

जुजुं आपालं मनूतय्गु खँ न्यनाः न्यासः थूइगु थःलबलत पित हया, हानं वयागु सेवाय् मवन, नागरिकपिंसं नं वयात छेँय् वःसानं भिक्षा तकं मबिल। व लाभसत्कारं नाश जुया ढोंगी तालं जीविका हनेगु इच्छा जुया शास्तायाथाय् वनाः न्यागू विषयय् (खँ) वनाः भगवान् बुद्धं "गात, देवदत्त, सुनां इच्छा याइ, व आरण्यक (गुँइ च्वनीम्ह) जू" धकाः प्रतिसेध याःबले आवुसोपिं, सुयागु वचन उचित जू (बांलाः), छु तथागतयागु बा जिगु, जिं उत्कृष्टताया निर्तिं थथे धयागु खः, "साधु, भन्ते, भिक्षुपिं जीवनभर आरण्यक जूइमाः, भिक्षा वनाः हे नयेमाः, भ्वाथःगु पुनेमाः, सिमाक्वय् हे वास यायेमाः, न्याःया ला नये मज्यु ।" "गुम्ह दुःखं मुक्त जुइगु इच्छा दु, व जिनापं वा" धकाः धया लिहाँवन । वयागु खँ न्यनाः गुलिं नवक प्रव्रजित मन्दबुद्धिपिंसं "देवदत्तं (भिंगु) कल्याणगु खँ धाल, थ्वनापं हे जुइमाल" धकाः वनापं मिलेजुया वन (जुल) । थथे वं न्यासः भिक्षुपिं नापं इपिं न्यागू खँद्वारा रुखासूखा जीवन हनेगुलिइ प्रसन्नपिं मनूतय्त थुइके बिया, छेँय् छेँय् धया धया ननं संघभेदया निर्तिं सनाजुल (कुतः यात) । वयात भगवान् बुद्धं "धाथें खःला देवदत्त, छं संघभेदया निर्तिं सना जुयागु व चक्रभेदया निर्तिं सना जुयागु ?" धकाः न्यनेवं "धाथें खः, भगवान्" धकाः धायेवं, "द्वंगु (भ्यातूगु) ज्या खः, देवदत्त, संघभेद यायेगु" धकाः आदि उपदेश बिलं नं शास्ताया वचनयात वास्ता मयाःसे लिहाँ वंबले आयुष्मान् आनन्दयात राजगृहय् भिक्षाटनया निर्तिं वनाच्वंगु खनाः, "थनिंनिसें जिं, आवुसो आनन्द, भगवान् बुद्धपाखें अलग्ग जुया, भिक्षुसंघपाखें अलग्ग जुया, मेथाय् हे उपोसथ याये, संघकर्म याये" धकाः धाल । स्थविरं उगु खँ भगवान् बुद्धया कन । उगु खँ सिइका शास्तायात धर्मसंवेग उत्पन्न जुया, "देवदत्तं देवतापिंसहित लोकयात अनर्थ जुइगु, थःम्हं (देवदत्तं) अवीचि नरक भोग याइगु कर्म यात" धकाः बिचाः याना –

"याये अःपु मभिंगु, थःत अहितगु ।
गुगु हित व भिंगु खः, उगु तःसकं याये थाकु ॥"

थ्व गाथा धया बिज्यानाः हानं थ्व उदान प्रकट यानाः बिज्यात –

"अःपु भिंपिसं भिंगु याये, भिंगु पापीं याये थाकु ।
पापीं पाप याये अःपु, आर्यपिंसं पाप याये फइमखु ॥"

अले देवदत्तं उपोसथया दिनय् थःगु परिषद्या नापं छखेलिक्क फयेतुना, "गुम्हसिया थ्व न्यागू खँय् उचित ताः, वं सलाक (चिट्ठा) काः" धकाः धया न्यासः अल्पकृतज्ञपिं नवक वज्जिपुत्तकपिंसं सलाक कायेवं संघभेद यानाः इपिं भिक्षुपिं ब्वनाः गयासीसय् वन । वया अन वंगुभाव न्यनाः शास्ता इपिं भिक्षुपिन्त लित हयेया निर्तिं निम्ह अग्रश्रावकपिन्त छ्वयाः बिल । इपिं अन वनाः आदेशना प्रातिहार्यानुशासनकथं व ऋद्धिप्रातिहार्यानुशासनकथं अनुशासन यायां इमित अमृत पानयाका ब्वनाः आकाशं वल । कोकालिकं नं "दँ, आवुसो



Downloaded from http://www.dhamma.digital

देवदत्त, यंकल इपिं भिक्षुपिन्त सारिपुत्र मोगल्लानं, छु जिं छन्त धयागु मखुला 'आवुस, सारिपुत्र मोगल्लानयात विश्वास याये मते' धकाः । सारिपुत्र मोगल्लान मभिंगु नियतपिं खः, मभिंगु इच्छा दुपिनि वशय् वन" धकाः धया त्वाःनालं छातिइ प्यंकल, वया अन हे क्वाःगु हि म्हुतं ल्ह्वत (पिहाँ वल)। आयुष्मान् सारिपुत्रयात भिक्षुसंघपिंसं चाहिका आकाशं वयाच्वंगु खनाः भिक्षुपिंसं धाल - "भन्ते, आयुष्मान् सारिपुत्र वंबले थःनापं निम्ह जक वंम्ह, आः महान् परिवारपिंसहित वयाच्वंगु शोभायमान् जू (बांला जू) ।" शास्तां "भिक्षुपिं, आः हे सारिपुत्र शोभायमान जूगुमखु, न्हापा पशुयोनिइ जन्म जूबले नं जिमि काय् जिथाय् वयाच्वंबले शोभाय्मान हे जुल" धकाः धया बिज्यानाः -

"शीलवर्त पूर्णपिनि अर्थ दु, गुपिंसं मित्रताभावं खँ ल्हाइ ।
लक्षणयात स्वः वयाच्वंगु, ज्ञातिसंघया न्ह्यने च्वना ।
अले थ्व कालयात स्वः, ज्ञातिपिं पूर्ण नाश जुइका वम्ह ॥"

थ्व जातक कना बिज्यात । हानं भिक्षुपिंसं, "भन्ते, देवदत्त धाथें, निम्ह अग्रश्रावकपिं निखेरं फयेतुका 'बुद्धया लिलाकथं धर्मदेशना याये' धकाः छःपिनिगु अनुकरण (नक्कल) यात" धकाः धायेवं, "भिक्षुपिं, आः जक मखु, न्हापा नं थ्वं जिगु अनुकरण यायेत कुतः याःगु खः, तर याये मफुत" धकाः धया बिज्यानाः -

"वीरक ! छं खनाः ला, मधुर सः पिकाइम्ह भ्रंगयात ।
म्हय्खाया थें गःप दुम्ह, जि भाःत सविट्टक ॥
"जलचर स्थलचर भ्रंग, नित्य कच्यूगु न्या नइम्ह ।
वयागु नक्कल यात सविट्टकं, न्याँ घाँसय् तक्यना सित ॥"

आदि जातक कना बिज्यानाः मेमेगु दिनय् नं उजागु हे खँया कारणय् -

"जुयाच्व थ्व धाथें वनय् वनय्, भ्वाःभ्वगु सिमाया
तुक्रातय्त क्वाक्वां (मामां) ।
अले थ्यंक वल बल्लागु धूंसिमाय् (खदिरमा), अन तज्यात
गरुडया छ्योंं" धकाः

"छ्योंं छंगु तज्यात, न्ह्यःपु नं ह्वःगन (तज्यात) ।
फुक्क बपिक्वेंत तोधुल, थौं छ बांलाःना च्वन ॥"

थथे आदि जातकत कना बिज्यात । हानं "देवदत्त अकृतज्ञम्ह खः" धयागु खँयात कया-

"यानाः च्वना छंगु ज्या, गुगु बलशक्ति दतले ।
मृगराज½नमस्कार छःपिन्त दु, छुं नं जिमित दइला थेंङ्व
"जि हि त्वनीम्हसिया, नित्यरूपं भ्रमते यायां ।
धंवाया दथुइ च्वंम्ह थें छ, थ्व हे अप्वः जुल, गुगु छ
आतक म्वाःना च्वन तिनी ॥"

आदि जातकत कना बिज्यात । हानं स्यायेया नितिं वया कुतःया कारणय्-

"थुल थ्व कुरु½ात, गुगु छं व्यवहार यात सेपण्णि½2
मेगु सेपण्णि जि वने, आः जित छंगु फल मयल ॥"

आदि जातकत कना बिज्यात । कन्हेखुन्हु "लाभसत्कार व श्रामण्यफलं निगूलिं विनाश जूम्ह देवदत्त खः" धकाः खँ जुयाच्वंबले "भिक्षुपिं, आः हे जक देवदत्त विनाश जूगु मखु, न्हापा नं थ्व विनाश हे जूम्ह खः" धकाः धया बिज्यानाः -

"छंगु मिखा तज्यात वस्त्र नाश जुल, व पासाया छेँय् नं
ल्वापु जुल ।
निखेरं ज्या स्यन, लखय् व स्थलय् ॥"

आदि जातकतकना बिज्यात । थथे राजगृहय् च्वना बिज्याबले हे देवदत्तयात कारणय् आपालं जातकत कना बिज्यानाः राजगृहं श्रावस्तिइ बिज्यानाः जेतवन विहारय् वास यानाः बिज्यात । देवदत्त नं गुलातक बिरामी जुया लिपाया इलय् शास्तायात दर्शन यायेगु इच्छाजुया थः श्रावकपिन्त धाल - "जि शास्तायात दर्शन यायेगु इच्छा जुल, वसपोलया दर्शन जित याके ब्यु ।" "छं फुबले शास्तानापं शत्रु जुया जुल, जिमिसं अन यंकेमखु" धकाः धायेवं, "जित नाश यायेमते, जिं शास्ताप्रति आघात यानाःगु खः, शास्तां जिगुप्रति सँ छपुति नं आघात याःगु मदु ।" वसपोल भगवान् बुद्ध -

"घाटक½वदत्तयाप्रति, खुँ अङ्गुलिमाप्रति½
धनपाल व राहुलयाप्रति, न्ह्याथाय् नं समान हृदयी खः ॥"

"दर्शन याके ब्यु जित भगवान्या" धकाः हानं हानं वन । अले वयात इमिसं खातानापं ज्वनाः पिहाँवल । वया आगमनयात न्यनाः भिक्षुपिंसं शास्तायात कन - "भन्ते, देवदत्त धाथें, छःपिन्त स्वये धकाः वयाच्वन ।" "भिक्षुपिं, वं थ्व जन्मय् (उगु म्हं) जित दर्शन यायेगु (स्वयेगु) प्राप्त जुइमखुत ।" देवदत्तं न्याता खँ वंसांनिसें हानं बुद्धया दर्शन यायेगु प्राप्त जुइमखु, थ्व स्वभाव धर्म खः ।

"फलनागु फलनागु थासय् थ्यन, भन्ते" "छु इच्छा दु, उगु या, वं जित स्वये खनीमखु ।" "भन्ते, थनं योजनय्ति थ्यन, बछि योजनय्, कोशय्, जेतवन पुखूया लिक्क थ्यन, भन्ते ।" "यदि जेतवनया दुने वःसानं, जित स्वये खनीमखु ।" देवदत्तयात ज्वनाः वःपिंसं जेतवन पुखूयासिथय् खातादिका इपिं पुखूलिइ म्वःल्हुयेत क्वहाँ वन । देवदत्त नं खातां दनानिपा तुतिबँय् तयाः फयेतुल । तुति बँय् दुहाँवन । व छसिंकथं ग्वालितक, त्वाःनातक, जँतक, छातितक, गःपतक यायां दुहाँवनाः मन्चातक बँय् दुसुना वंबले-

"थुपिं अस्थिप्राणं वसपोल अग्र पुद्गल, देवातिदेव,
नरदम्यसारथि ।



Downloaded from http://www.dhamma.digital

समन्तचक्षु, सतःपुण्य लक्षणं दुम्ह, बुद्धया शरणय् वने ॥"

थ्व गाथा धाल ।थ्व स्थान (अवस्था) खनाः तथागतं देवदत्तयात प्रव्रजित यानाः बिज्यात । यदि व प्रव्रजित मजूगु जूसा, गृहस्थी जुया द्वंगु (भ्यातूगु) कर्म याइ, अनंलि वं भवचक्रं मुक्त जुइ फइमखु, प्रव्रजित जुया छुं नं ज्या द्वंगु याइ, अनंलि वं भवचक्रं मुक्त जुइ फइ धकाः वयात शास्तां प्रव्रजित यानाः बिज्यात । व थनिं छगू लाख कल्प लिपा अस्थीस्वर धयाम्ह प्रत्येकबुद्ध जुइ, व पृथ्वी दुहाँवनाः अवीचि नरकय् उत्पन्न जुल । निश्चल बुद्धपिन्त अपराध मनोवृत्तिया कारणं निश्चलरूपं हे कर्मफल भोग याइ धकाः सछिगू योजन दुगु अवीचि नरक दुने सछिगू योजन हाकःगु वया शरीर उत्पन्न जुल । न्हय्पनं च्वये छ्यंतक नँया तपुलि दुहाँ वन, ग्वालितक तुतित नँया बँय् क्वय् दुहाँवन, तःमागु ताल सिमापायधंगु नँया शूल (भाला) अंगलं पिहाँवया जन्फाः ह्वःखनाः प्वाथं पिहाँवया न्ह्चने च्वंगु अंगलय् दुहाँवन, मेगु जवेच्वंगु अंगलं पिहाँवया बेक्वय् ह्वःखनाः खवं पिहाँ वया खवय्च्वंगु अंगलय् दुहाँवन, मेगु च्वं नँया तपुलिं दुहाँ वया छ्यं तछ्यानाः क्वय् थासं पिहाँवया नँया बँय् दुहाँवन । थथे व अन निश्चलरूपं कर्मफल भोग यात ।

भिक्षुपिंसं "थनतक वयाच्वंम्ह देवदत्तं शास्तायात दर्शन याये मखनाः पृथ्वी दुहाँवन" धकाः खँ न्ह्यःथन । शास्ता "भिक्षुपिं, देवदत्त आः हे जिगुप्रति आघात यानाः पृथ्वी दुहाँवंगु मखु, न्हापा नं दुहाँ हे वंगु खः" धकाः धया बिज्यानाः हस्तिराजया इलय् लँ द्वंम्ह पुरुषयात आश्वासन बिया थःगु म्हय्तया, क्यना सुरक्षागु थासय् थ्यंका ब्यूम्हसित हानं स्वक्वतक वया च्वका, बिचे(दथु)या भाग, व हातकं थथे दन्त त्वाल्हाना स्वक्वगु पटकय् महापुरुषया मिखां न्ह्याय् मदयेवं वया पृथ्वी दुहाँवंगुभाव प्रकाश यानाः बिज्यायेत-

"अकृतज्ञम्ह मनूयात, न्ह्याबलें ह्वःता जक
स्वयाच्वनीम्हसित ।
फुक्क पृथ्वी ब्यूसां नं गुबलें सन्तोष याये फइमखु वयात ॥"

थ्व जातक कना बिज्यानाः हानं अथे हे खँ न्ह्यःथनेवं क्षान्तिवादि जुयाच्वंबले थःतप आघात यानाः कलाबु जुजु जुयाच्वंम्ह वया पृथ्वी दुहाँ वंगुभाव प्रकाश यानाः बिज्यायेत क्षान्तिवादि जातक व चूलधर्मपाल जुयाच्वंबले थःत आघात यानाः महाप्रताप जुजु जुयाच्वंम्ह वया पृथ्वी दुहाँ वंगुभाव प्रकाश यानाः बिज्यायेत चूलधर्मपाल जातक कना बिज्यात ।

पृथ्वी दुहाँ वनेवं देवदत्तयाप्रति आपालं मनूत लय् लय्ताःपिं जुया ध्वाय् पटाका ब्वयेका केरामाः आदि थना जाःगु घःत तयाः "धाथें जिमित लाभ जुल" धकाः तधंगु उत्सव माने यात । उगु खँ भगवान् बुद्धयात कन । भगवान् बुद्धं "भिक्षुपिं, आः हे देवदत्तयाप्रति सिइवं आपालं मनूत लय् ताःगु मखु, न्हापा नं लय्ताःगु हे खः" धकाः धया बिज्यानाः फुक्क मनूतय् मयःम्ह हारांम्ह छाःम्ह वाराणसी पिङ्गल जुजु धयाम्ह सिइवं आपालं मनूतय् लय्ताःगुभाव प्रकाश यानाः बिज्यायेत -

"फुक्क जनपिन्त हिंसा यात पिङ्गलं, व सिइवं विलाप याइ ।
छन्त यः थें च्वं व तुयु मिखा दुम्ह,
छाय् छ ख्वयाच्वना द्वारपाल ! ॥
"जित यःम्ह मखु व तुयु मिखा,
जि ग्यानाः च्वना हानं व लिहाँ वइ धका ।
थनं वनाः कष्ट बिइ मृत्यूराजयात, वया कष्ट ब्यूगुलि हइ
हानं थन ॥"

थ्व पिङ्गलजातक कना बिज्यात । भिक्षुपिंसं शास्तायाके न्यन - "आः, भन्ते, देवदत्त गन उत्पन्न जुल ?" "अवीचि महानरकय्, भिक्षुपिं ।" "भन्ते, थन सन्तापं चाहिला हानं वनाः सन्ताप जुइगु थासय् हे उत्पन्न जुल ।" "खः, भिक्षुपिं, प्रव्रजितपिं जुइमा बा गृहस्थीपिं जुइमा, प्रमादं च्वनाच्वंपिं निथासं सन्ताप हे जुइका च्वनी" धकाः धया थुगु गाथा आज्ञा जुया बिज्यात -

१७. इध तप्पति पेच्च तप्पति, पापकारी उभयत्थ तप्पति ।
"पापं मे कत"न्ति तप्पति, भिय्यो तप्पति दुग्गतिं गतो ॥

१७. "थन व सन्ताप जुइ लिपा व सन्ताप जुइ, पापयाम्ह
निथासं सन्ताप जुइ ।
पाप जिं यानाः धकाः सन्ताप जुइ, भ्रन् सन्ताप जुइ
दुर्गतिइ वनाः ॥"

अन थन सन्ताप जुइ धयागु थन कर्मया सन्तापं दौर्मनस्यकथं सन्ताप जुइगु खः । लिपा धयागु परलोकय् विपाकया सन्तापं अतिकष्टं अपायदुःखं सन्ताप जुइ । पापयाम्हधयागु थी थीकथंया मभिंगु ज्याःयाम्ह व्यक्ति खः । निथासं धयागु थ्वं च्वे धया वयागु थें सन्तापं निथासं सन्ताप जुइ खः । पाप जिं धयागु वं कर्मया सन्तापं संतप्तम्हं "पाप जिं यानाः" धकाः सन्ताप जुइ । उगु सन्ताप अल्पमात्र जक खः, विपाकया सन्तापं सन्ताप जुया भ्रन् सन्ताप जुइ दुर्गतिइ वना, अतिकष्टं सन्ताप जुयाः तःसकं हे सन्ताप जुइ ।


गाथाया अन्तय् आपालं श्रोतापन्नादि जुल । धर्मदेशना आपालं मनूतय्त सार्थक जुल ।

देवदत्तया खँ क्वचाल ।



Downloaded from http://www.dhamma.digital

# मिलिन्द-प्रश्न




## १. बुद्ध रहनुमा शंका विषयमा प्रश्न

१. राजाले सोधे - "भन्ते नागसेन ! तपाईले भगवान् बुद्धलाई देख्नुभयो ?" "देखिन महाराज ! के तपाईका आचार्यहरूले बुद्धलाई देख्नुभयो ?" "अहँ, महाराज !" " भन्ते ! त्यसो हो भने भगवान् बुद्ध हुनुहुन्न ?" "महाराज ! हिमालय पर्वतमा तपाईले 'ऊहा' नामको नदीलाई देख्नुभएको छ ?" "छैन भन्ते !" "के तपाईका बुबाले त्यसलाई देख्नुभएको थियो ?" "थिएन भन्ते !" "महाराज ! त्यसो हो भने 'ऊहा' नदी छैन त ?" "छ भन्ते ! यद्यपि म वा मेरा बुबाले नदेखे पनि त्यो नदी चाहिं छ ।" "महाराज ! त्यसरी नै, यद्यपि म या मेरा आचार्यले भगवान् बुद्धलाई नदेखे तापनि उहाँ हुनुहुन्थ्यो ।"

"भन्ते ! ठिक सम्झाउनुभयो ।"

## २. भगवान्‌को श्रेष्ठता विषयमा प्रश्न

२. राजाले सोधे - "भन्ते नागसेन ! के भगवान् बुद्ध अनुत्तर (परम श्रेष्ठ) हुनुहुन्थ्यो ?" "हो महाराज ! भगवान् अनुत्तर हुनुहुन्थ्यो ।" "भन्ते ! कसरी तपाईले उहाँलाई नदेखे पनि जान्नुभयो कि उहाँ बुद्ध अनुत्तर हुनुहुन्थ्यो भनेर ?" "महाराज ! तपाई के बिचार गर्नुहुन्छ कि जसले महासमुद्रलाई देखेका छैनन् के उनीहरूले जान्दछन् कि त्यो एकदम विशाल, गम्भीर र अथाह छ, जसमा गंगा, यमुना अचिरवती, सरयू (सरभु) र गण्डक पाँच ठूलठूला नदीहरू गएर मिल्दा त्यो त्यहाँ न घट्छ नबढ्छ ?" "हो भन्ते ! जान्दछु ।" "महाराज ! यसरी निर्वाण प्राप्त गरेका उहाँका असंख्य श्रावकहरूलाई देखेपछि जान्दछु कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ।"

"भन्ते ! तपाईले ठीक भन्नुभयो ।"

## ३. बुद्धको अनुत्तर भाव विषयमा प्रश्न

३. राजाले सोधे - "भन्ते नागसेन ! के यो कुरो जान्न सकिन्छ कि भगवान् अनुत्तर हुनुहुन्थ्यो ?" "हो महाराज ! जान्नु सकिन्छ ।" "भन्ने, कसरी ?" "महाराज ! अतीतकालमा एक जना बडो विद्वान् थिए जो प्रशिद्ध थिए । जसको नाम थियो तिष्य स्थविर । उनी स्वर्ग भएको धेरै वर्ष भइसके पनि मानिसहरू उनीलाई कसरी चिन्छन् ?" "भन्ते ! उनले लेखेका ग्रन्थहरूलाई हेरेर ।" "महाराज ! त्यसरी नै, जसले धर्मलाई जान्दछ, उसले भगवान्‌लाई जान्दछ किनकि भगवान्‌ले त्यसलाई देशना गर्नुभएको थियो ।"

## ४. धर्मदर्शनबारे प्रश्न

४. राजाले सोधे - "भन्ते नागसेन ! तपाईले धर्मलाई जानी बुझिसक्नुभयो ?" "महाराज ! भगवान्‌को उपदेश अनुसार श्रावकहरूले धर्मलाई जीवन भरी पालन गर्नुपर्छ ।"

"भन्ते ! तपाईले ठीक भन्नुभयो ।"

## ५. सङ्क्रमण बिना प्रतिसन्धि विषय प्रश्न

५. राजाले सोधे - "भन्ते नागसेन ! यदि आत्माको सङ्क्रमण एउटा शरीरबाट निस्केर अर्को शरीरमा जाँदैन भने पुनर्जन्म कसरी हुन्छ ?" "हो महाराज ! बिना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते नागसेन ! त्यो कसरी हुन्छ ? कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै ब्यक्तिले एउटा दियोबाट अर्को दियो बाल्दा के यहाँ एउटा दियोले अर्को दियोमा सङ्क्रमण गर्छ ?" "गर्दैन भन्ते !" "महाराज ! यसरी बिना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"महाराज ! के तपाईलाई कुनै श्लोकको सम्झना छ जुन तपाईले आफ्ना गुरुबाट सिक्नुभएको थियो ?" "हो, सम्झना छ ।" "महाराज ! के त्यो श्लोक आचार्यको



Downloaded from http://www.dhamma.digital

मुखबाट निस्केर तपाईमा प्रविष्ट भएको हो ?" "होइन भन्ते ।" "महाराज ! यसरी बिना सङ्क्रमण पुनर्जन्म हुन्छ ।"

"भन्ते ! तपाईले ठीक ठीक सम्झाउनुभयो ।"

## ६. वेदगूप्रश्न

६. राजाले सोधे - "भन्ते नागसेन ! वेदगू (आत्मा, ज्ञाता) छ वा छैन ?" "स्थविरले भन्नुभयो - "परमार्थमा यस्तो कुनै जान्ने छैन ।"

"भन्ते ! ठीक भन्नुभयो ।"

## ७. पुनर्जन्म विषयमा प्रश्न

७. राजाले सोधे - "भन्ते नागसेन ! यस्तो कुनै जीव छ, जसले यस शरीरबाट निस्केर अर्को शरीरमा सङ्क्रमण गर्छ ?" "छैन महाराज !" "भन्ते ! यदि यस शरीरबाट निस्केर जाने कोही पनि छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो होला, हैन त ?" "हो महाराज ! यदि उसको पुनर्जन्म छैन भने ऊ आफ्नो पापकर्मबाट मुक्त भयो । यदि उसले फेरी जन्म ग्रहण गर्छ भने ऊ मुक्त भएन ।"

"कृपया यसलाई उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! यदि कुनै मानिसले अरुको आँप चोर्‍यो भने दण्डको भागी हुन्छ कि हुँदैन ?" "हो भन्ते ! हुन्छ ।" "महाराज ! त्यो आँप त उसले रोपेको थिएन, जुन जसले चोरेको थियो । अनि दण्डको भागी कसरी भयो ?" "भन्ते ! उसैले रोपेको आँपले गर्दा यो आँप उत्पन्न भएको हो । त्यसैले ऊ दण्डको भागी हुन्छ ।" "महाराज ! यसरी एउटा मानिस यस नाम-रुपले पाप-पुण्य कर्म गर्छ । त्यस्ता कर्महरूको प्रभावले गर्दा अर्को नाम-रुपले जन्म लिन्छ । त्यसो हुँदा ऊ आफ्नो पाप कर्मको प्रभावले मुक्त हुँदैन ।

"भन्ते ! तपाईले ठीक सम्झाउनुभयो ।"

## ८. कर्म-फलको विषयमा प्रश्न

८. राजाले सोधे - "भन्ते नागसेन ! जब एक नाम-रुपबाट कुशल कर्म र अकुशल कर्महरू गरिन्छ भने त्यस्ता कर्महरू कहाँ बस्छन् ?" "महाराज ! कहिल्यै पछि नछाड्ने छायाजस्तै कर्मले उसलाई पछ्याइरहन्छ ।" "भन्ते ! के त्यो कर्म देखाउन सकिन्छ - यहाँ वा त्यहाँ यो बसेको छ भनेर ?"

"महाराज ! यसरी त्यसलाई देखाउन सकिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! तपाई के विचार गर्नुहुन्छ - कुनै रुखका फलहरूलाई देखाउन सकिन्छ जुन अहिले फलेकै छैन - ती यहाँ वा त्यहाँ फल्छन् भनेर ?" सकिन्न भन्ते !" "महाराज ! त्यसरी नै, कर्महरूको यस निरन्तर प्रवाहमा तिनलाई देखाउन सकिन्न - यी यहाँ वा त्यहाँ छन् भनेर ।"

"भन्ते ! तपाईले ठीक सम्झाउनुभयो ।"

## ९. प्रतिसन्धि (जन्म) ज्ञान विषयमा प्रश्न

९. राजाले सोधे - "भन्ते नागसेन ! जसले जन्म लिन्छ के उसलाई पहिले नै थाहा हुन्छ कि म जन्म लिन्छु ?" "हो महाराज ! उसले यो कुरा जान्दछ ।"

"कृपया उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! कुनै किसानले बीऊलाई रोपेर पानी परेपछि के उसले जान्दैन होला कि बाली राम्ररी सप्रन्छ ?" "हो भन्ते ! जान्दछ ।" "महाराज ! यसरी नै, जसले जन्म लिन्छ उसले पहिलेदेखि नै यो कुरोलाई जान्दछ कि म जन्म लिन्छु ।"

"भन्ते ! तपाईले ठीक सम्झाउनुभयो ।"

## १०. बुद्धनिदर्शन प्रश्न

१०. राजाले सोधे - "भन्ते नागसेन ! के बुद्ध हुनुहुन्थ्यो ?" "हो महाराज ! हुनुहुन्थ्यो ।" "भन्ते ! के तपाई देखाउन सक्नुहुन्छ ?"

"महाराज ! भगवान्ले अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो । त्यसैले भगवान् यस ठाउँमा हुनुहुन्छ भनेर देखाउन सकिन्न ।"

"कृपया, उपमा दिएर सम्झाउनुहोस् ।"

"महाराज ! आगोको लप्को निभेपछि के त्यसलाई देखाउन सकिन्छ कि त्यो यहाँ छ ?" "सकिन्न भन्ते ! त्यो मुस्लो त निभिसक्यो ।" "महाराज ! यसरी नै, भगवान् अनुपादिशेष निर्वाण धातुबाट परिनिर्वाण प्राप्त गरिसक्नुभयो त्यसैले भगवान् यहाँ हुनुहुन्छ भनेर देखाउन सकिन्न, किनभने उहाँको व्यक्तित्वलाई कायम राख्न बाँकि केही रहन्न । हो, उहाँ आफ्नो धर्मकाय (धर्मरुपी शरीर) देखापर्न सक्नुहुन्छ । उहाँले बताउनुभएको धर्मले नै उहाँबारे भन्दैछ ।"


"भन्ते ! तपाईले ठीक सम्झाउनुभयो ।"

(यस वर्गमा दश प्रश्नहरू छन् ।)

बाँकी अर्को अंकमा...



Downloaded from http://www.dhamma.digital




# जातक बाखँ

दुण्डबहादुर बज्राचार्य



## कुद्दाल जातक

"न तं जितं साधु जितं ..... " थुगु गाथा शास्तां श्रावस्तीया जेतवनय् च्वना बिज्यागु इलय् चित्तहत्थसारि पुत्रयागु बारे कया आज्ञा जुया बिज्यागु जुल -

## वर्तमान कथा

व छम्ह श्रावस्तीयाम्ह कुलपुत्र खः । वं छन्हु सा वाय् का (हल जोते याना) लिहाँ वया बिहारय् वंबलय् छम्ह स्थविरया पात्रय् च्वंगु भिभिंगु नायुगु सासाःगु भोजन वयात ब्यूगु खना मती तल - "जि थःगु ल्हातं चांन्हिं थीथी प्रकारयागु ज्या याना नं थुजागु भोजन नये मखं । जि नं प्रव्रजित जुया वनेमाल ।" (थथे मति तया) व प्रव्रजित जुल । लच्छि बाच्छिति दुबलय् हे अनुचित ढंगं बिचार (अयोनिसोमनसिकार) यागु कारणं क्लेशयागु वशय् वन । वं भिक्षु आश्रम त्वःता वन । लिपा नयेगु मदया दुःख जुया हानं प्रव्रजित जुया अभिधर्म स्यना च्वन । थुकथं खुकोतक भिक्षुआश्रम त्वःता वन । हानं न्हेकोगू बार प्रव्रजित जुया अभिधर्मया न्हेगू प्रकरणया ज्ञाता जुया आपालं भिक्षुपिन्त धर्म ब्वंका च्वच्वं (वं) अर्हत्व पद प्राप्त यात । अनंलि वया पासापिन्सं वयात हाय्कल - "आयुष्मान् चित्त ! न्हापाथें आः छंगु चित्तय् विकार बढे मजुल ।"

"आवुसो ! आः थ्वयां लिपा जि गृहस्थ जूवने म्वाःल ।" अनंलि वया अर्हत्व जूगु खँ धर्मसभाय् जुल - "आयुष्मान् पिं ! थुजागु अर्हत्पदयागु योग्यता दुम्ह जुइक जुइकं नं आयुष्मान् सारिपुत्र खुकोतक गृहस्थ जुल । अहो ! पृथक् जन् जुइगुली गपाय्धंगु दोष दु खनि !" शास्ता बिज्यात "भिक्षुपिं ! थुगु इलय् फेतुना छु खँ ल्हाना च्वनागु ?" धका न्यना बिज्यायेवं "थुजा-थुजागु खँ" धका बिन्ति यायेवं आज्ञा जुया बिज्यात -

"भिक्षुपिं ! पृथक्जनपिनिगु चित्त हलुका (चंचल) जुइ, उकियात निग्रह यायेत थाकु । छुं (गुगुं) आलम्बन (विषय) य् वना आसक्त जूवने यः । छको आसक्त जुइवं उकियात याकनं त्वःफिके फइमखु । उकिं हे चित्तयागु संयम (दमन) यायेगु बांलाःजू, संयम जुइ फयेवं हे सुखया कारण जुइ ।"

**"दुत्रिग्गहस्स लहुनो, यत्थकामनिपातिनो ।**
**चित्तस्स दमथो साधु, चित्तं दन्तं सुखावहं" ॥**

"मन धयागु वशय् तये साप थाकु, गुगु तःसकं याउँक अःपुक गन मं दत अन वनीम्ह खः । बुद्धिमान्पिन्सं थुजागु चित्तयात वशय् तयेगु उत्तम जू, चित्तयात वशय् तःसा जक सुखदायक जुइ ।"

उकियात निग्रह याये थाकुगु जुया हे न्हापायागु इलय् छम्ह पण्डितं छपु कूया लाभं उकियात त्वःते मफया खुकोतक गृहस्थ जुल । अले न्हेकोगू पटकय् प्रव्रजित जुया ध्यान उत्पन्न याना उगु लोभयात निग्रह याये फत । थुलि धया पूर्वजन्मयागु खँ आज्ञा जुया बिज्यागु जुल -

## अतीत कथा

न्हापा न्हापायागु समयय् वाराणसी ब्रह्मदत्त जुजुं राज्य यानाच्वन । उगु इलय् बोधिसत्व छगू तरकारी बंजाया कुलय् जन्म जुया तःधिक जुल । वयागु नां खः कुदाल पण्डित । वं कू ज्वना बुँ पाला उकी वाउँचा, लौका, ककःचा तथा मेमेगु वाउँचा तरकारी पिना सय्का मिया ननं गरिबी जीवन हनाच्वन । वं छन्हु बिचाः यात - "जि गृहस्थय् च्वनां छु फाइदा ? छेँनं पिहाँ वना प्रव्रजित जुइमाल ।" अनंलि छन्हु वं कू छथाय् सुचुका ऋषि प्रव्रज्याकथं प्रव्रजित जुल । (लिपा) कू लुमना वयेवजं लोभयात शान्त याये मफया उगु धार मनःगु कूया नितिं (हानं) गृहस्थ जूवन । थुकथं हे निकोगु, स्वकोगू पटक यायां खुकोगु पटकय् उगु कूयात सुचुका छेँनं पिहाँ वया प्रव्रजित जुया हानं गृहस्थ तुं जुल । परन्तु न्हेकोगु पटकय् वं बिचाः यात - "जिं धार मनःगु कूया नितिं बारम्बार गृहस्थ जुयेधुन, आः थुगु पटकय् थ्वयात तःधंगु नदी यंका वांछ्वया प्रव्रजित जूवने माल ।" अनंलि व नदीया सिथय् वना 'यदि जिं थ्व कुतुं वंगु थाय् खन धाःसा हानं वया माःवये मास्ति वयेफु (धका बिचाः याना) चु च्वना किसियागुथें जाःगु बल पिकया, स्वको फन् फन् चाःहिला मिखा तिसिना नदीया दथुइ वांछ्वया बिल ।'



Downloaded from http://www.dhamma.digital

अले स्वको सिंहनाद यात - "जिं त्याके धुन । जिं त्याके धुन ।"

उगु इलय् वाराणसीया जुजु सीमान्त देशयागु (उपद्रव) यात शान्त याना लिहाँ वयाच्वंगु जुया च्वन । वं नदी मोल्हुया, सकतां अलंकार तिसा वसतं छाय्पिया किसियागु म्हय् च्वना वनाच्वंगु इलय् बोधिसतवयागु सः न्यना (मती तल) - "थुम्ह मनू हाला च्वन 'जिं त्याके धुन' धका । थ्वं सुयात त्याकल ?" 'वयात सःति' धका सःतके बिया न्यन - "भो, पुरुष ! जि ला संग्राम बिजेता खः । नकतिनि जक त्याका वया च्वनाम्ह खः । छं सुयात त्याकागु ?"

बोधिसत्वं "महाराज ! द्वच्छिगू संग्राम, लाखगू संग्राम त्यासां व धात्थें बिजय मखु, छाय्कि छपिन्सं चित्तयागु विकारयात मत्याकूनि । जिं थःके दुने च्वंगु लोभयात दमन यायां चित्त विकारयात त्याका कयागु खः" धाधां महानदी पाखे स्वल । उगु इलय् जल (कसिण) यागु ध्यानं उत्पन्न जुइगु ध्यान उत्पन्न जुयावल । योगबलं सम्पन्नम्ह जुया वं आकाशय् फेतुना जुजुयात धर्मोपदेश यायां थुगु गाथा धाल -

**"यो सहस्सं सहस्सेन, सङ्गामे मानुसे जिने ।**
**एकञ्च जेय्यमत्तानं, स वे सङ्गामजुत्तमो'ति" ॥**

"द्वलंद्वः मनूतय्त द्वलंद्वः युद्धय् त्याकेगु सिबें बरु थःगु मनयात त्याकेफत धाःसा व हे धात्थेंम्ह संग्रामजित् खः ।" थुगु धर्म न्यनेवं हे जुजुया चित्तय् दुगु क्रियात्मक बिकार नष्ट जुल । अले वयागु चित्त प्रव्रज्यापखें क्वःछुत । जुजुया सेनातय्गु विकार नं अथे हे तुं जुया मदया वन ।

जुजुं बोधिसत्वयाके न्यन - "आः छपिं गन बिज्यायेगु ?"

"महाराज ! हिमवन्तय् वना ऋषि प्रव्रज्याकथं प्रव्रजित जुयावने ।"

"अथेसा जि नं प्रव्रजित जुयावने ।" (थुलि धया) व बोधिसत्वलिसें तुं पिहाँ वन । सेना, ब्राह्मण, गृहपतिपिं सकलें श्रेणीपिं (विभिन्न ज्या याइपिं) उगु थासय् मुना सकलें जनसमूह जुजुलिसें तुं वन । वाराणसीस च्वंपिं मनूतय्सं बिचाः यात - "कुदाल पण्डितयागु धर्मदेशना न्यना भ्रमी जुजु प्रव्रज्याया इच्छुक जुया सेनासहित वनेधुंकल । भ्रमीपिं थन छु याना च्वनेगु ?" (थथे मती तया) भिंनिगू योजन दुगु वाराणसीयापिं सकलें जनता पिहाँ वल । इमिगु भिंनिगू योजनयागु परिषद् दत । इमित ब्वना बोधिसत्व हिमवन्तय् दुहाँ वन ।

देवेन्द्र शक्रया (सिंह) आसन क्वाना वल । वं ध्यान तया स्वबलय् कुदाल पण्डितं महाअभिनिष्क्रमण (गृहत्याग) याःगु व अले वया ल्यूल्यू आपालं अपार जनसमूह दुगु खन । इमित च्वनेत थाय् माल धका बिचाः यात । वं विश्वकर्मायात सःतके छ्वया धाल - "तात ! कुदाल पण्डितं महाभिनिष्क्रमण यायेधुंकल । (वयात च्वनेत थाय्त दय्केमाल । छ हिमवन्त प्रदेशय् वना माथंवंगु भूमी स्वीगू योजन हाकगु अले भिंन्यागू योजन ब्या दुगु आश्रम दय्काब्यु ।" वं "ज्यू देव !" धया अथे हे (आश्रम) दय्का बिल । (थन थ्वं संक्षिप्त वृतान्त जक खः । विस्तारं हत्थिपाल जातक (जा. नं. ५०९) स वइतिनि । अन व थन छगू हे कथंयागु वर्णन खः ।)

विश्वकर्मा आश्रमय् पर्णशाला दय्का बिल । अन कुशब्द पिकाइपिं मृगत, पंछित व अमनुष्य (भूत प्रेतादि) पिंत बिसिकः छ्वया छगू छगू कुं पतिकं छम्ह छम्ह वने ज्यूगु लँ दय्का थःगु निवासस्थानय् लिहाँ वन । कुदाल पण्डित नं थःगु परिषद् ब्वना हिमवन्तय् दुहाँ वन । अले वं (अन) शक्रं दय्केब्यगु आश्रमय् वना विश्वकर्मा दय्का तःगु प्रव्रजित-परिष्कार ग्रहण यात । अले न्हापां थःत थःम्हं प्रव्रजित याना अले थः अनुयायीपिन्त (परिषद्) यात प्रव्रजित याना आश्रम म्हति म्हतिं इमित इना बिल । (उगु इलय्) न्हेगु राज्य खाली जुल । स्वीगू योजन दुगु आश्रम जाल । कुदाल पण्डितं बाकी कसिण (योगाभ्यास) यागु अभ्यास यात । ब्रम्हविहार (मैत्री, करुणा, मुदिता व उपेक्षा भावना) यागु भावना यात । अले परिषद्यात नं कसिण भावना याकल । सकसिनं समापत्ति (समाधि) प्राप्त याना ब्रम्हविहारयागु भावना याना ब्रम्हलोकय् वन । परन्तु गुपिन्सं वयागु सेवा सुश्रुषा यात इपिं देवलोकगामी जुल ।

शास्तां "भिक्षुपिं ! थुकथं चित्तय् खिति थायेवं, विकारय् आसक्त जुल धायेवं, उकिं छुटे जुइतः अःपु मजू । लोभ यश त्याग यायेगु थाकु । थुकथं पण्डितपितं नं लोभं अज्ञानी दय्का बिइयः" (आज्ञा जूसे) थुगु धर्मदेशना न्ह्यथना (आर्य) सत्ययात प्रकाशित याना जातकयागु स्वापू क्यना बिज्यात । सत्य (प्रकाशन) या अन्तय् गुलिं श्रोतापन्न, गुलिं सकृदागामी, गुलिं अनागामी जुल, गुलि गुलिसिनं अर्हत्पद प्राप्त यात ।

उगु इलय् जुजु (आःयाम्ह) आनन्द खः । परिषद् (आःयागु) बुद्ध-परिषद् खः । कुदाल पण्डित जुलसा जि हे खः ।

**इत्थि वर्ग क्वचाल ।**



Downloaded from http://www.dhamma.digital

# ६२ प्रकारका मिथ्या दृष्टि

**बिष्णु धनञ्जय**
अनुवादक

६२ प्रकारका मिथ्या दृष्टिहरू मध्ये- अतित (भुत) काल भव, जन्मको कारणले गर्दा हुने गलत धारणाहरू १८ प्रकारका छन् । अनागत (भविश्य) को कारणले गर्दा हुने गलत धारणा हरू ३९ प्रकारका छन् । पच्चुपन्न (वर्तमान) को कारणले गर्दा हुने गलत धारणा हरू ५ प्रकारका, जम्मा गरेर सबै ६२ प्रकारका छन् ।

१. अतित काल भवको कारणले हुने गलत धारणा हरू १८ प्रकारका मध्ये-

### सस्सतदिटि् ४ प्रकार

१. हजार लाखौं पूर्व पूर्व, जन्ममा खन्ध जारी रहँदै भएर आएको भव, जन्म हरूलाई विचारेर हेर्न, देख्न सक्ने पुब्बेनिवासानुस्सतित्राण (पूर्व जन्मको ज्ञान) भएकाले मात्र, व्यक्तिहरूले आफुले आफैलाई त्यस लाखौं करोडौं भव, जन्महरूमा भएको नाम, जातिय वंशहरू सहित बसोवास गरेको कुराहरूको ज्ञात, थहा भएको कारणले गर्दा मेरो खन्धको घर अत्त (आत्म) र सत्तवाप्राणीहरू बसोवास गर्ने लोक (संसार) ध्रुव छ, पक्का छ, बलियो छ, अविनाशी छ भन्ने खाले मिथ्या गलत धारणाका साथ दह्रीलो, गहिरोगरी धारण गरेर मनमा छापा लाग्नु हो ।



२. धेरै धेरै भव, जन्महरू संवट्ट, विवट्ट कल्पहरू जोडेर (१०) वटा "संक्षिप्तमा टिप्पणी (ऐले यो भैरहेको भद्र कल्प हो, यो कल्पमा ४ भगवान बुद्धहरू उत्पत्ति भएर परिनिर्वाण भईसक्नु भयो र अझै अरिमैत्रेय भगवान उत्पन्न हुन बाँकीनै छ, त्यस पश्चात पनि लामो अवधि पछि बल्ल, योभद्र कल्पको विनाश हुने सुरुआत हुन्छ भने, अलिकति थोरैमा पनि अनुमान मात्र लगाउन सकिन्छ कि (कल्प भनेको कति लामो छ)" कल्प सम्म बारम्बार खन्ध भएकोलाई विचारेर देख्न सक्ने ज्ञान भएको व्यक्तिले, आफु त्यस अनगन्ती भव, जन्महरूमा फलानो नाम, फलानो जाती वंशावली मा भएकोलाई जानेको कारणले गर्दा पनि, मेरो खन्धको घर अत्त (आत्म) सत्तवा प्राणीहरूको बसोवास गर्ने सत्त लोक ध्रुव, पक्का, बलियो, अविनाशी छ भन्ने कुराको गलत धारणा लिनु हो ।

३. कल्पहरू जोडेर ४० कल्प सम्म बारम्बार भएको खन्धलाई हेरेर देख्न सक्ने व्यक्तिले आफुलाई त्यस असाध्यै लामो धेरै भव, जन्म हरूमा भएको आफ्नो नाम, आफ्नोजातीय वंशजहरूसंगै बसोबास गरेर भएर आएको भवलाई जानेको कारण ले गर्दा पनि, मेरो खन्ध को घर अत्त (आत्म) सत्तवा प्राणीहरूको बसोवास गर्ने सत्तलोक ध्रुव, पक्का, बलियो, अविनाशी छ भन्ने कुराको गलत धारणा लिनु हो ।

४. झान अभिज्ञान प्राप्त नगरी कन, आफ्नो कल्पनाहरूको सोच, विचारहरू मा देखा परेर आए अनुसार सत्त र लोक ध्रुव, पक्का, बलियो, अविनाशी छ भन्ने कुराको गलत धारणा हुनु हो ।

### एकच्चसस्सतदिट्ठि (४) थरी

५. कल्प विनाश वा प्रलय भएको बेला समयमा राम्रो कुसल पुण्य भएका व्यक्तिहरू माथि दुतिय झान ब्रह्मा लोक आदि गतिमा उत्पन्नभएर, बाँकि रहेकाहरू चाहिँ अवीचि नरकमा झर्दै पतन हुन्छन् । अरु रहेका सम्पूर्ण स्थानहरू कल्प विनाश हुँदा ध्वस्त भएर जानेछन् । पु:न नविन कल्पको शुरुआतमा सत्तवा प्राणीहरू नभएको ब्रह्मा विमानस्थल को सृजना, उत्पन्न भएर आउँछ । त्यस ब्रह्माविमानस्थलमा कर्म समाप्त भएर उत्पन्न भएर आउने, अथवा आफ्नो आयुको समयकाल समाप्त भएर अभस्सरालोक बाट सर्ब प्रथम उत्पन्न भएर आउने, एकब्रह्मा सहित एउटा विमानस्थल पनि उत्पत्ति हुन्छ । त्यस पछि ती एक ब्रह्माको मनमा म" जस्तै अझै अरु अरु ब्रह्माहरू पनि उत्पन्न भएर आए असाध्यै राम्रो हुन्थ्यो भन्ने ईच्छाहरू जागेर आउँदा, अभस्सरा लोकबाट आयु समाप्त भएको कारणले गर्दा अथवा कर्म समाप्त भएको कारणले गर्दा, ती अन्य



Downloaded from http://www.dhamma.digital

ब्रह्मा हरूको उत्पत्ति भएर आउँछ। पछि गएर ती ब्रह्माहरू प्रथमबारको मनुष्यलोक पृथ्वीमा उत्पन्न भएका ब्रह्मा हरूको चरण सम्म मात्र बिचार गरेर देख्न सक्ने हुन्छन्। तर त्यो भन्दा माथिल्लो भव मा भएको ब्रह्माको (आफ्नो) बारेमा छेदन गरेर हेर्ने सक्ने, जान्ने क्षमताको ज्ञान नभएको कारणले, त्यस प्रकारका ब्रह्मा हरूले" हामिहरू ब्रह्मा हुँदा देखिबाट नै ई ब्रह्मा भएका" सर्ब प्रथम ब्रह्मा अथवा ब्रह्मालोकका राजा हुन् भनेर मनमा धारणा लिन्छन्।

पूर्वदेखी आज सम्म पनि ई त्यही ब्रह्मा लोकमा स्थित छन्। हामीहरू पैलापैला मनुष्यहरू भएको ठाउँ लोकमा उत्पन्न भएका ब्रह्माहरू हौं। त्यसैले हामीहरू ब्रह्मा हुन भन्दा आगाडीनै, मनुष्य लोकमा छँदा देखिनै भएका ब्रह्माका राजाको खन्धमा चाहिँ भएको अत्त (आत्मा) र सत्त लोक ध्रुव,बलियो, अविनाशी छ। हामीहरूको खन्ध चाहिँ मात्र ध्रुव, पक्का नभएको, विनाश कारी छ भन्ने गलत धारणा भएको हुनु हो।

त्यसरी नै सर्बप्रथम विमान स्थलमा उत्पन्न भएका ब्रह्माले पनि, मैले अरु अरु ब्रह्माहरूको उत्पत्ति होस् भन्ने ईच्छाले संङ्कल्प गरेकोहुँदा, मेरोईच्छा बमोजिमले ई उत्पन्न भएर आएका ब्रह्माहरू हुन्।

त्यसैले म चाहिँ ई सबैको अधिपत्य हो। त्यसैले म चाहिँ अझै पनि यै विमानस्थलमा अच्युत भएर जीवित छु। म बाट ईच्छा गरेर उत्पत्ति भएका ब्रह्माहरू चाहिँ अच्युत, ध्रुव छैनन्। त्यस कारण मेरोईच्छा, संकल्पित अनुसारले नै उत्पन्न भएर आएका हुँदा, उनिहरूको मालिक सृजना कारक पनि म नै हुँ। म मात्र अविनाशी, ध्रुव, अजन्मा छु। अरु चाहिँ ध्रुव छैनन् भन्ने जस्तै कि (ठुलो कुसल कर्मको पुण्यले राम्रो फल दिएकोलाई विशेष गरी ज्ञानले नबुझ्रेर, चिरञ्जीवी (लामो आयु) भएकालाई ध्रुव र अल्प (छोटो) आयु भएका लाई चाहिँ पक्को नभएको, ध्रुव नभएको कुनै ध्रुव छन्, कुनै ध्रुव छैनन् भनेर लिएको गलत धारणा हो।

६. आहार ग्रहण गर्ने (खाने) समयलाई विर्सिने गरी सम्म मस्त, सुखको आनन्दमा खाने समयलाई भुलेर खाने समयमा नखाईकन सीमा उलंघन गरेर सुखको उपभोगगर्ने देवताहरूले, खाने समयमा नखाएर मृत्युपछि मनुष्य लोकमा पूर्वजन्मको बारेमा विस्तृत रुपमा जानकारी भएको मनुष्य भएर जन्मेर आउँदा, देवलोकमा रहेका देवता, नाथहरूको चाहिँ अत्त (आत्म) र सत्त लोक ध्रुव, पक्को दह्वरीलो अविनाशी छ। तर हाम्रो चाहिँ ध्रुव, पक्को नभएर मृत्यु भएकोहो भन्ने (आफनो आहार ग्रहणगर्ने समयको ज्ञान नभएकोलाई जान्ने बिषयहरूको ज्ञात नभएकाले) अरु कुनै देवताहरू चाहिँ ध्रुव छन् वा कुनै ध्रुव छन्, कुनै ध्रुव छैनन् भनेर लिएको मिथ्या गलत धारणा हो।

७. देवताहरूलाई जलाई दिने क्रोध, द्वेष (रीस) उठेको कारणले च्युति (मरण) भएर, मनुष्य लोकमा पुनर्जन्म भएर पूर्व जन्मको बारेमा विस्तृत जानकारी थहा भएको मनुष्य भएर आउँदा, पैला देवता भएको समय लाई हेर्दा उनीहरूले आफुलाई द्वेषको कारणले मृत्यु भएको लाई नजानेको हुँदा, नरिसाउने अथवा क्रोध नभएर देवलोक मै स्थित रहेका देवताहरूलाई तुलना गरेर, कुनै ध्रुव छन् र कुनै ध्रुव छैनन् भनेर लिएको गलत मिथ्या धारणा नै हो।

८. आफ्नो सोच समझ, अथवा ज्ञान, बुझाइमा देखा परेर आए अनुसार, विचार दृश्य अन्तस्करणले धारण गरेर आँखा, नाक, कान आदि गरिएका रुप कायसरीर ध्रुव, पक्को नभएको, क्षणभङ्गुर भएको हुनाले विनाश भएर जान्छ। तर मन वा चित्त चाहिँ परिवर्तित र विनाश नहुने छ, अमर छ, अमृत छ। त्यसै कारणले नै त्यो ध्रुव, बलियो, पक्को र अविनाशी छ। रुपधर्म चाहिँ आफ्नो विचार अनुसार ध्रुव छैन भन्ने खाले एकप्रकारको गलत धारणा नै हो।

## अन्तानन्तदिट्ठि ४ प्रकार

९. कुनै लौकिक झान प्राप्त गरेका व्यक्तिहरूले आफुले प्राप्तगरेको झानलाई फैलाएर हेरेको समयमा चित्त दृढ स्थिर, अचल भएर आउँदा लोकको अन्त वा समाप्त छ, भ्रमण गरेर आवतजावत गर्न सक्ने खाले यात्रा छ भनेर लिएको गलत धारणा हो।

१०. कुनै लौकिक झान प्राप्त गरेका व्यक्तिहरूले आफुले प्राप्तगरेको झानलाई फैलाएर हेरेको समयमा चित्त दृढ स्थिर, अचल भएर आउँदा लोकको कुनै अन्त छैन, र आदि र अन्त्यको पनि अनुमान नलाग्ने वाला छ भनेर लिएको गलत धारणा हो।

११. कुनै लौकिक झान प्राप्त गरेका व्यक्तिहरूले आफुले प्राप्तगरेको झानलाई फैलाएर हेरेको समयमा चित्त दृढ स्थिर, अचल भएर आउँदा लोकमा माथिल्लो र तल्लो भागको अन्त छ, तर छेउछाउ वरिपरी मध्यम भागको चाहिँ अन्त छैन। त्यसैले लोकमा अन्त पनि छ। अन्त नहुने पनि छ भनेर लिएको गलत धारणा हो।

१२. कसैले आफै स्वयं आफ्नै विवेकले भेट्दो विचार गरेर लोक चाहिँ अन्त हुने पनि होइन, अन्त नहुने पनि होइन। अन्त भएको, नभएको पनि होइन। साँच्चैमा भन्ने हो भने लोक (संसार) अन्त भएकको पनि होइन, अन्त नभएकको पनि होइन भन्ने धारणा हो। (माथिका तीन प्रकारका व्यक्तिहरूको धारणा चाहिँ जिद्दी वाला व्यक्तिको धारण हो।)

## अमराविक्खेपदिट्ठि ४ थरी

१३. कसैले कुसल, अकुसलको बिषय बारेमा प्रश्न गरे भने, सीधै उत्तर दिन गल्तीहुन्छ कि भन्ने डरले, यस्तो



Downloaded from http://www.dhamma.digital

प्रकारको धारणालाई मैले मान्यतर दिएर लिएको छैन, त्यस प्रकारको धारणालाई पनि मैले लिएको छैन । यस प्रकारको लाई, त्यस प्रकारको लाई पनि नलिएको पनि होइन आदि भनेर कुरो घुमाएर गर्ने गलत धारणा भएको मतलबवादी हो ।

१४. कुसल, अकुसल लाई निश्चित रुपमा नजानि कन उत्तर दिएमा मनपार्ने, रुचीमानेर चाहने कामनाको ईच्छामा तानिने, क्रोधित हुने, चित्तलाई ठेस, चोट लाग्ने आदि उपादानहरू भए सायद मलाई अन्तराय (खतरा) हुन्छ भनेर यो मान्यताको आधारणालाई पनि म लिन्नँ, त्यो मान्यताको आधारणालाई पनि लिन्नँ । र त्यो, यो कुनैलाई पनि मान्येतर नलिएको पनि होइन खाले आदि गरीएको उपदानको भयले कुरालाई घुमाएर गर्ने गलत धारणा मतलबवादी हो ।

१५. आफुले कुसल, अकुसललाई विशेषगरी निश्चित रुपमा ज्ञात नभैकन उत्तर दिएमा, आफ्नो उत्तरलाई ज्ञानी बुद्धिमानीहरूले जाँचगरेर झुठाहो भन्ने जानेभने अन्तराय (खतरा) हुनसक्छ भनेर, यो धारणालाईपनि म लिन्नँ, त्यो धारणा लाई पनि म लिन्नँ, र यो त्यो कुनै धारणालाई पनि नलिएको होइन भन्ने खाले, आफ्नो पन्थीवाद धारणालाई गलत छ भनेर जाने भने बिद्वान व्यक्तिहरूले निन्दा गर्न सक्छन् भन्ने डरले कुरालाई घुमाएरगर्ने गलत धारणा वादी हो ।

१६. आफ्नो कुनै बुद्धिले राम्रो विवेक गर्न सक्ने ज्ञान नभएको कारणले, यदि अरु कसैले प्रश्न गरिहाले भने, उनिहरूले मरेपछि अर्को भव छ भनेनी त्योकुरा सत्यहो भन्छु । तर यो धारणालाईपनि म लिन्नँ, त्यो धारणालाई पनि म लिन्नँ, र यो त्यो कुनै धारणा लाई पनि नलिएको होइन आदि अल्प ज्ञान भएको मतभेद ले बात घुमाएर गर्ने गलत धारणा वादी हो ।

## अधिच्चसमुप्पन्नदिट्ठि २ प्रकार

१७. चित्तधर्म नाम नभएका असञ्ञसत्तब्रह्मा पट्टिसन्धि संञ्ञा चित्त भएर आएको कारणले, असञ्ञसत्तब्रह्मा बाट मनुष्यलोक मा पुगेर ध्यान गर्दा चित्त छिट्टै स्थिर भएर आएको हुँदा, असञ्ञसत्त ब्रह्मा भवबाट च्युति चित्त (मर्ने समयको अन्तिम मन) मा भएर आएको पट्टि सन्धिसञ्ञा भएर आएकोलाई याद (सम्झना) गर्नसक्ने र त्यो भवभन्दा पूर्वको भवलाई यादगर्न नसक्ने हुन्छन् । त्यसैले उनिहरूले अत्त (आत्म) र सत्तलोक आफ्सेआफ् कुनै कारण बिना बनेर आएको हो । म कुनै पैला नभैकन यो भवमा सपष्ट रुपमा प्रत्यक्ष गरी बनेर आउनु परेको हो । त्यस कारणले नै अत्त र सत्तलोक चाहिँ बेमतलब, बिनकारण बनेर आएको हो भन्ने प्रकारको गलत धारणा लिनु हो ।

१८. कुनै व्यक्तिहरूले आफ्नो विचारमा देखा परेर आए अनुसार कल्पनापूर्ण एवं अत्त (आत्म) र सत्तलोकचाहिँ बिन कारण सित्तैमा बनेर आएको हो भन्ने गलत धारणा लिनु हो ।

२. अनागत काल भवको कारणले हुने गलत धारणा हरू ३९ प्रकारका मध्ये-

## अपरन्तानुदिट्ठि ४४ प्रकार

## उद्दमाघातनित सञीवाद

*मृत्यु पछि सञ्ञा छ धारणालाई लिने १६ प्रकारको*

१९. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) चाहिँ परिवर्तित भएर बिग्रन्छ । तर मरेर गएता पनी मृत्यु पछि विनाश हुँदैन । चिन्हसंज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

२०. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रँदैन । मरेर पछि पनी विनाश छैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । २१. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रने पनि छ, नबिग्रने पनि छ । तर मरेर गएपनी विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

२२. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तन भएर बिग्रिएको पनि होइन, परिवर्तित भएर नबिग्रिएको पनि होइन । मरेर गएपनी विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । २३. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) को अन्त हुने अनुभाग सीमित छ । तर मृत्यु पछि विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

२४. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) को अन्त हुनुको कुनै अनुभाग छैन, असीमित छ । मृत्युपछि विनाश छैन । संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । २५. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) को अन्त हुने अनुभाग सीमित भएको पनि हुन सक्दछ, अन्त हुनुको कुनै अनुभाग नभएको असीमित पनि हुन सक्छ । तर मृत्यु पछि विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

२६. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) को अन्त हुनुको अनुभाग सीमित पनि छैन, अन्त नहुनु को कुनै अनुभाग असीमित पनि छैन । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । २७. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) चाहिँ केवल एकै प्रकारको अनुभूति गर्ने सञ्ञा (संज्ञा) छ । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

२८. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) चाहिँ केवल धेरै प्रकारको अनुभूति गर्ने सञ्ञा (संज्ञा) छ । मृत्युपछि विनाश छैन । संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । २९. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) संकीर्ण (सुक्ष्म रुपमा) कसिन आरम्मणमा हुने, अनुभूति गर्ने



Downloaded from http://www.dhamma.digital

सञ्ञा (संज्ञा) छ । मृत्यु भएर गएता पनी विनाश हुँदैन । चिन्हसंज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

३०. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) बडेर आउने मात्रामा भएको कसिन आरम्मण मा हुने, अनुभूति गर्ने सञ्ञा (संज्ञा) छ । मृत्यु भएर गएता पनी विनाश हुँदैन । संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । ३१. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) वास्तवमा सहि भएको सुखद छ । मृत्यु भएर गएता पनी विनाश छैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

३२. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) वास्तवमा सहि प्रकारको दुःखित छ । मृत्यु भएर गएता पनी विनाश छैन । चिन्हसंज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । ३३. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) सुख, दुःख छ । मृत्यु भएर गएता पनी विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु । ३४. जीवित (प्राण) विञ्ञाण (विज्ञान) अत्त (आत्म) सुख, दुःख छैन । मृत्यु भएर गएता पनी विनाश हुँदैन । चिन्ह संज्ञा रहिनै रहन्छ भन्ने गलत धारणा हुनु ।

### उद्धमाघातनित असञ्ञीवाद

*मृत्यु पछि सञ्ञा छैन धारणालाई लिने ८ प्रकारको*

३५. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रन्छ । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा नरहने हुन्छ भन्ने गलत धारणा हुनु ।

३६. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रने छैन । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा रहँदैन भन्ने गलत धारणा हुनु ।

३७. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रने भएको पनि छ । परिवर्तित नहुने पनि छ । मरण पछि विनाश छैन । चिन्हसंज्ञा हुँदैन भन्ने गलत धारणा हुनु ।

३८. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) परिवर्तित भएर बिग्रने भएको पनि होइन । परिवर्तित नभएको पनि होइन । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा छैन भन्ने गलत धारणा हुनु । ३९. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) अन्तको अनुभाग सिमित छ । मरिसके पछि विनाश छैन । चिन्ह संज्ञा छैन भन्ने गलत धारणा लिनु हो ।

४०. प्राण विञ्ञाण (विज्ञान) अत्त (आत्म) अन्तको कुनै अनुभाग सिमित छैन । मरिसके पछि विनाश छैन । चिन्ह संज्ञा छैन भन्ने गलत धारणा लिनु हो ।

४१. जीवीत विञ्ञाण (विज्ञान) अत्त (आत्म) अन्तको अनुभाग सिमित भएको छ भन्ने पनि हो । अन्त को अनुभाग सिमित नभएको छ भन्ने पनि हो । मरिसके पछि विनाश छैन । चिन्ह संज्ञा छैन भन्ने गलत धारणा लिनु हो ।

४२. जीवीत विञ्ञाण (विज्ञान) अत्त (आत्म) अन्तको अनुभाग सिमित भएको छ भन्ने पनि होइन । अन्त को अनुभाग सिमित नभएको पछ भन्ने पनि होइन । मरिसके पछि विनाश छैन । चिन्ह संज्ञा छैन भन्ने गलत धारणा लिनु हो ।

### उद्दमाघातनित नेवसञ्ञी नासञ्ञीवाद

*मृत्यु पछि सञ्ञा छ भन्ने पनि होइन, छैन भन्ने पनि होइन खाल्को लिने ८ प्रकारका धारणा*

४३. जीवित विञ्ञाण अत्त परिवर्तित भएर बिग्रिन्छ । मृत्यु पछि विनाश छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलतधारणा लिनु हो । ४४. जीवित विञ्ञाण अत्त परिवर्तित भएर बिग्रिने छैन । मृत्यु पछि विनाश पनि छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलतधारणा लिनु हो ।

४५. जीवित विञ्ञाण अत्त परिवर्तित भएर बिग्रिन्छ भन्ने पनि हो । परिवर्तित भएर बिग्रिन्नँ भन्ने पनि हो । मृत्यु पछि विनाश पनि छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलतधारणा लिनु हो ।

४६. जीवित विञ्ञाण अत्त परिवर्तित भएर बिग्रिन्छ भन्ने पनि होइन । परिवर्तित भएर बिग्रिन्नँ भन्ने पनि होइन । मृत्यु पछि विनाश पनि छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलतधारणा लिनु हो ।

४७. जीवित विञ्ञाण अत्त (आत्म) अन्तको अनुभाग सिमित छ । मरिसके पछि विनाश छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलत धारणा लिनु हो । ४८. जीवित विञ्ञाण अत्त (आत्म) अन्तको अनुभाग सिमित छैन । मरिसके पछि विनाश भन्ने छैन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलत धारणा लिनु हो ।

४९. जीवित विञ्ञाण अत्त (आत्म) अन्तको अनुभाग सिमित भएको छ भन्ने पनि हो । अन्तको अनुभाग सिमित नभएको छ भन्ने पनि हो । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलत धारणा लिनु हो । ५०. जीवित विञ्ञाण अत्त को समाप्त हुने अनुभाग सिमित रहेको छ भन्ने पनि होइन । अन्तको अनुभाग सिमित नभएको छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्छ भन्ने पनि होइन । चिन्ह संज्ञा हुन्न भन्ने पनि होइन भन्ने गलत धारणा लिनु हो ।

### उम्मेदवार (समाप्त, भ्याइयो भन्ने खाले ७ प्रकारका धारणा)

५१. कसैले खन्ध काय शरीर अत्त (आत्म . म, मेरो) भन्ने पृथ्वी, आप, तेज, वायु चार महाभुतको सङ्गठित भएको गड्डा भएर माता पिता हरूबाट बनेर जन्मे आएको हो । त्यस कारणले यो खन्ध काय शरीर अत्त विनाश भएरगए पछि केहि



Downloaded from http://www.dhamma.digital

पनि रहँदैन, समाप्त हुन्छ भन्ने गलत धारणा लिनु हो ।

५२. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसै बाट, मानुष्यमा हुने अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन, देवताहरूको पोषाहारबाट रुप भएका अन्य अत्त (आत्म)हरू पनि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

५३. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसैबाट, देवतामा हुने अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन, रुप ब्रह्मालोकमा झानचित्तको कारणले सबै ठुलासाना अङ्गले पूर्णतया अन्य अत्त (आत्म)हरू पनि रहि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

५४. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसैबाट, रुप ब्रह्माहरूको अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन,आकासानञ्चयतन ब्रह्मालोकमा अन्य अत्त (आत्म)हरू पनि रहि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

५५. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसैबाट, आकासानञ्चयतन ब्रह्माहरूको अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन, विञ्ञाणनञ्चयतन ब्रह्मालोकमा अन्य अत्त (आत्म) हरू पनि रहि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

५६. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसैबाट, विञ्ञाणनञ्चयतन ब्रह्माहरूको अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन, आकिञ्चञ्ञायतन ब्रह्मा लोकमा अन्य अत्त (आत्म) हरू पनि रहि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

५७. माथीकै अनुसार धारणा लिएका मान्छेलाई अरु कसैबाट, आकिञ्चञ्ञायतन ब्रह्माहरूको अत्त (आत्म) पूर्णतया समाप्त भएको हुँदैन, नेवसञ्ञानासञ्ञायतन ब्रह्मा लोकमा अन्य अत्त (आत्म)हरू पनि रहि रहेका छन् । त्यस अत्त काय शरीर धारी चाहिँ सम्पूर्ण रूपमा विनाश भए, मात्र पूर्णतया समाप्त हुन सक्छ भन्ने गल्ती धारणा लिनु हो ।

### ३. पच्चुपन्न कालको कारणले हुने गलत धारणाहरु ५ प्रकारका मध्ये- दिट्ठधम्मनिब्बानवाद

(अइले छणछणमा अनुभव गरेको निर्वाण खाले गलत धारणा ५ प्रकार

५८. पन्च कामगुण परिपुर्ण रुपमा आनन्दले सुखभोग अनुभूति गरेको अत्त (आत्म) पुद्गलले अइले भोगीरहेको छण सुखको समयलाई नै निर्वाण हो भनेर लिने गलत धारणा हो ।

५९. माथीकै अनुसार गलत धारणा भएकालाई कसैबाट, पन्च कामगुण आनन्दको भोग गर्नु परिवर्तित भएर जाने, विनाशकारी अनित्य दुःखित हुने सत्य, पिडाले ग्रस्त भएको छण भङ्गुरको कारण भैदेको हुनाले सहि सुख होइन । वितर्क, विचारहरूका साथै हुने नीवरणहरूमा सान्त सुखदनै, प्रथम रुपझानको सुख लाई आनन्द भोग गर्न पाउने अत्त (आत्म) मात्रले सही निर्वाण सुख प्राप्त गरेको हो भन्ने गलत धारणा हो ।

६०. माथीकै अनुसार गलत धारणा भएकालाई कसैबाट, प्रथम रुपझानमा कठोर अशिष्ट वितर्क, विचार धर्महरू भएकाले सहि सुख सत्य होइन । वितर्क, विचारबाट पर, पार भएको द्बितिय झानको सुखलाई भोग गर्ने अत्त (आत्म) मात्रले सही निर्वाण सुख प्राप्त गरेको हो भन्ने गलत धारणा हो ।

६१. माथीकै अनुसार गलत धारणा भएकालाई कसैबाट, द्बितिय झानमा कठोर अशिष्ट, रुची लाग्दो प्रिती, चित्तलाई उत्तेजक बनाउने कारण भएको हुनाले, सहि प्रकार को सुख होइन । प्रितीबाट पर, पार भएको कायिक सुख, चेतसिक सुखहरूले परिपुर्ण भएको तृतिय झान को सुखलाई भोग गर्ने अत्त (आत्म) मात्रले सही निर्वाण सुख प्राप्त गरेको हो भन्ने गलत धारणा हो ।

६२. माथीकै अनुसार गलत धारणा भएकालाई कसैबाट, तृतीय झानमा कठोर अशिष्ट, रुची लाग्दो सुखहरू भएकोहुनाले त्योसही सान्ति होइन । सुखपनि नभएको, दुःख पनि नभएको आधा, बिचाबिचको आचरण निर्मल पतुर्थ झानको भोग गर्ने अत्त (आत्म) मात्रले सही निर्वाण सुख प्राप्त गरेको हो भन्ने गलत धारणा हो ।

### दीघनिकाय (सुत्त सीलक्खन पालि रब्रह्माजाल सुत्र)


ई ६२ प्रकारका मिथ्या दृष्टिको गलत धारणाहरू सक्कायदिट्ठि (सत्काय दृष्टि) मा जरोहालेर उम्रेर पलाएर आएको हुन्छ । एक प्रकारमा सत्काय दृष्टि ६२ प्रकारका दृष्टिहरूको अगुवा भएको हुनाले, अगुवा भएको सत्काय दृष्टि हट्यो भने अरु रहेका सम्पूर्ण कुनै नामोनिशान शेष नरहीकन हटेर जानेछन् ।

सोतापत्तिमग्ग (स्रोतापत्ति मार्ग) ले सक्कायदिट्ठि (सत् काय दृष्टि)लाई अनुसय पनि शेष नराखि हटाएर मारीसकेका हुन्छ ।

♦



Downloaded from http://www.dhamma.digital



# परमार्थ दृष्टि

– भिक्षु विमलो स्थविर



जब हरहमेशा आफ्नो साथ
उठ्बस गर्ने यो तन-मनलाई
चिन्न सक्दैनौं, बुझ्न सक्दैनौं भने,
यो लोक, यो सबथोक
कसरी चिन्ने कसरी बुझ्ने ?
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तनमनलाई स्मृतीले घेर ।

तब !
तनलाई बुझ्नेछौ, मनलाई जान्नेछौ ।
अनित्य दुःख अनात्म
यो लोक र त्यो लोक
अनि,
सहि मानेमा देख्नेछौ सबथोक।
बस !
आफुलाई बुझ्नुछ ।
आफुलाई जान्नुछ ।
आफैलाई चिन्नुछ ।
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तन-मनलाई स्मृतीले घेर ।

क्षणक्षणको अनित्य दर्शन ।
पलपलको दुःखरुपी ज्ञान ।
कणकणतामा अनात्म बोध ।
तन-मनमा, जीवनमा खोज ।
यहि हो मार्ग निर्मल बिमलको ।
परिशुद्ध तन-मन हरपलको ।
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तनमनलाई स्मृतीले घेर ।

जब हरहमेशा आफ्नो साथ
उठ्बस गर्ने यो तन(मनलाई
चिन्न सक्दैनौं, बुझ्न सक्दैनौं भने,
यो लोक, यो सबथोक
कसरी चिन्ने कसरी बुझ्ने ?

सहि समय, सहि क्षण, सहि पल ।
यही हो यही, लाइला चालिहाल ।
आज होकी भोली भन्न सकिन्न ।
जीवन छोटो लक्ष्य लामो गन्न सकिन्न ।
ढालीदेला मारले चिन्न सकिन्न ।
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तन-मनलाई स्मृतीले घेर ।

यहि हो मार्ग यहि हो गन्तब्य ।
यहि हो शुरू यहि हो अन्त।
हिड्नुपर्छ अवश्य पुगिन्छ गन्तब्य ।
पार्नुछ मानब चोला जीवन्त ।
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तनमनलाई स्मृतीले घेर ।

जीवन जहाँ, मरण त्यहाँ ।
खाली आएँ खाली जानु ।
एक्लै आएँ संगै कसलाई लानु ?
कर्म तिमी हो, तिमी कर्म हो।
कर्मयोगी, कर्मभोगी यहि धर्म हो ।
जीवन र जगतको यहि मर्म हो ।
त्यसैले आऊ !
पलेटी कस, ढाड सिधा पार ।
काखमा हात राख ।
शीर सिधा, आँखा बन्द गर ।
श्वासको प्रकृया यथाभूत हेर ।
तनमनलाई स्मृतीले घेर ।
साधु साधु साधु ।।।



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

## भद्रबन्दी गृह, त्रिपुरेश्वरमा बुद्धजयन्ती सम्पन्न

जेठ ३, त्रिपुरेश्वर, काठमाडौं । २५६३ औं बुद्ध जयन्तिको पावन अवसरमा बौद्ध शिक्षा तथा सामाजिक बिकास केन्द्रले आफ्नो अगुवाईमा स्थानीय भद्रवन्दी गृह, त्रिपुरेश्वरमा बि.सं. २०६१ सालको बैशाख पुर्णिमाको





सप्ताहव्यापी कार्यक्रम अन्तर्गत केन्द्रले स्थापित बुद्ध मन्दिरमा आफ्नो नियमित पन्ध्रौं बुद्ध जयन्ति कार्यक्रम मिति २०७६ जेठ ३ शुक्रवार बिहान भव्य रुपमा सुसम्पन्न गरेको छ । कार्यक्रममा सिद्धिमंगल बुद्ध विहारका विहार प्रमुख श्रद्धेय विमलो भन्ते तथा नेपाल बौद्ध महासंघका महासचिब खेन्पो कमल भण्डारीको प्रमुख आतिथ्यमा कार्यक्रम संचालन भएको थियो । जसमा श्रद्धेय विमलो भन्तेबाट पंचशील, त्रि(रत्न गुण संस्मरण पाठ, धर्म मन्तव्य दिनु भएको थियो भने धर्म मन्तव्यलाई निरन्तरता खेन्पो कमल भाण्डारी तथा अनागारिका गुरुमां श्रद्धाचारीले गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रम संयोजक तथा केन्द्रका महासचिव बिजय रत्न तुलाधरबाट र मन्तव्यको रुपमा बौद्ध विद्वान प्रा. सुबर्ण शाक्य, उपासक जुजुभाइ तुलाधर, कागार बन्दिहरूको तर्फबाट नरेश पराजुली तथा कार्यक्रमका प्रमुख अतिथि सुरक्षा डिएसपी प्रदिप भट्टराई तथा कारागार प्रशासनका लेखा अधिकृत कुल प्रसाद रेग्मीले दिनु भएको थियो भने कार्यक्रमको अन्तमा महासचिब बिजय रत्न तुलाधरले धन्यबाद ज्ञापन दिनु भएको थियो ।

कार्यक्रमको अन्तमा सहभागी सबैलाई जलपानको व्यवस्था गरिएको थियो जसको प्रायोजन उपासक जुजुभाइ र मंगल लक्ष्मी तुलाधर तथा कारागारका आन्तरिक प्रशासनका बन्दी दाजु भाइहरूले गर्नु भएको थियो ।

## ४४ बुद्ध प्रतिमा बोधिचैत्यमा प्रतिस्थापनको लागि श्रद्धादान

जेठ ४, सिद्धिपुर। बुद्ध जयन्तीको अवसर पारी महालक्ष्मी नगरपालिका वडा नं ६ सिद्धिपुर स्थित श्री सिद्धिमंगल बुद्ध





विहारमा निर्माणाधीन बोधिचैत्यमा प्रतिस्थापन गर्ने योजना अनुरुप श्रद्धालु दानी दाताहरूबाट श्रद्धापूर्वक मिति २०७६ जेठ ४ गते शनिवार विहान श्री सिद्धिमंगल बुद्ध विहारमा सम्पन्न २५६३ औं बुद्ध जयन्ती समारोहमा ४४ बुद्ध प्रतिमाहरू बोधिचैत्य भित्र प्रतिस्थापनको लागि दानप्रदान गरियो।

२८ तथागत (१ फीट-तामा), १० बोधिसत्व (अनागत बुद्ध-१ फीट-तामा) तथा ५ जना पञ्चबुद्धको प्रतिमा (१ फीट-तामा) एवं एक मूल शाक्यमुनि बुद्ध प्रतिमा (२ फीट) जम्मा गरी ४४ बुद्ध प्रतिमा निर्माणधीन बोधिचैत्य भित्र प्रतिस्थापन गर्ने योजना अनुसार दाताहरूले सश्रद्धा दानप्रदान गरी बुद्ध जयन्तीको शान्ति र्‍यालीमा बुद्ध प्रतिमा यात्रा गरी पुण्य संचित गरियो ।

बुद्ध प्रतिमा दाताहरूलाई श्री सिद्धिमंगल बुद्ध विहारमा सम्पन्न २५६३ औं बुद्ध जयन्ती समारोहमा विहार प्रमुख श्रद्धेय भिक्षु विमलो स्वविरले खादा प्रदान गरि आशिष स्वरुप परित्राण पाठ, धर्मदेशना गरि संग्रहित बुद्ध प्रतिमा दान पुण्यको आनुभावले सत्वप्राणी मात्रको कल्याणार्थ पुण्यानुमोदन गरियो । साधु ॥॥



Downloaded from http://www.dhamma.digital

## नगदेशमा २५६३ औं बुद्धजयन्ती विविध कार्यक्रमका साथ सम्पन्न

जेठ ४, नगदेश। नगदेश बौद्ध समूहको आयोजनामा नगदेश बुद्धविहारको धम्महलमा शान्तिका महानायक, तथागत गौतम बुद्धको जीवनीमा देखा परेको त्रि-संयोग जन्म, सम्बोधि लाभ र महापरिनिर्वाण जस्ता घटनाहरूको संस्मरण गरी "भगवान् बुद्धको २५६३ औ पूण्यतिथि एवं नयाँ बुद्ध सम्बतको शुभारम्भ" को दिन बुद्ध पूर्णिमा-पुष्प पूर्णिमाको दिनमा भव्य तव्ररले बुद्ध पूजा गरियो। बुद्ध पूजा पश्चात दोश्रो चरणको प्रवचन कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाका नगर-प्रमुख श्रद्धेय मदन सुन्दर श्रेष्ठज्यू प्रमुख अतिथिको रुपमा पाल्नु भयो भने विशेष अतिथिको रुपमा धर्मकीर्ति विहारबाट श्रद्धेय अ.केशावति गुरुमाँ पाल्नु भएको थियो । सो कार्यक्रमको उद्घाटन प्रमुख अतिथि नगर प्रमुख मदन सुन्दर श्रेष्ठज्यूले प्रज्ञाको ज्योतिरुपी त्रीलक्षणयुक्त दीप प्रज्ज्वलित गर्नु भै सुगन्धित पुष्प अर्पण गर्नु भयो भने विशिष्ठ अतिथि अ.केशावति गुरुमाँले पनि सश्रद्धाका साथ भगवान् शास्तामा सुगन्धित पुष्प गुच्छा अर्पण गर्नु भयो । समूहका कोषाध्यक्ष रत्न भक्त हाँयजुले प्रमुख अतिथि र विशेष अतिथि लगायत उपस्थित सम्पूर्ण उपासक उपासिकाहरूलाई स्वागत गर्नु भयो भने समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले बैशाख पूर्णिमाको परिघटना, भगवान बुद्धको जीवनी बारेमा विस्तृत तव्ररले व्याख्या गरी आफ्नो मन्तव्य सकाउनु भयो भने विशेष अतिथि अ.केशावति गुरुमाँले बुद्धको जीवनीबाट प्रेरणा लिई व्यवहारमा परिवर्तन गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

## दिवंगत पिताको नाममा पुण्यानुमोदन

सिद्धिपुर, ललितपुर जेठ ६ सोमवार। सिद्धिपुर बुद्धमार्ग निवासी सरिता महर्जन/बहादुर महर्जन सपरिवारबाट सिद्धिपुर स्थित श्री सिद्धिमंगल बुद्धविहारमा दिवंगत पिता





कान्छा महर्जनको गुणानुस्मरण/पुण्यानुमोदन तथा छोरी सरु महर्जनको जन्मोत्सव पारी आफन्त, उपासकोपासिका तथा श्रद्धालु महानुभावहरूलाई निमन्त्रणा गरी जलपान भोजन दानको कार्यकम सम्पन्न गरियो ।

श्रद्धेय भिक्षु विमलो स्थविरबाट पञ्चशील प्राथना, बुद्धपुजा, परित्राण पाठ, धर्मदेशना पुण्यानुमोदन आदि धार्मिक कुशल पुण्य संचित उक्त कार्यकममा दिवंगत पिताको नाममा चिवरपात्र दान प्रदान गरी पुण्यानुमोदन गरी सम्पूर्ण आफन्त, उपासकोपासिका तथा श्रद्धालु महानुभावहरूलाई जलपान तथा भोजन दानप्रदान गरि सम्पन्न गरियो ।

## नियात्रा परित्राण गुठिको मासिक परित्राण सम्पन्न

काठमाडौं, जेठ ११ । नियात्रा परित्राण गुठिको आयोजनामा मासिक रुपमा संचालन हुँदै आइरहेको मासिक परित्राण पाठ, बुद्ध पुजा, धर्मदेशना, पुण्यानुमोदन तथा







Downloaded from http://www.dhamma.digital

मासिक पालो हस्तारण कार्यक्रम यहि मिति २०७६ जेठ ११ शनिवार बसन्तपुर स्थित द्वारिका (छैं) Word Heritage Hotel & Apartment मा सम्पन्न भयो ।

सिद्धिपुर स्थित श्री सिद्धिमंगल बुद्ध बिहार प्रमुख श्रद्धेय भिक्षु विमलो स्थविरबाट शील प्रदान, बुद्धपुजा, धर्मदेशना, परित्राण पाठ तथा पुण्यानुमोदन गरि मैत्रीकामना गर्नुभएको थियो भने जेठ महिनाको आयोजना गर्नुहुने श्रद्धाचारी गुरुमाँले परित्राण गुठि बारे जानकारी तथा नियात्रा परित्राण गुठिको मासिक परित्राण कार्यक्रममा उपस्थित सम्पूर्ण श्रद्धालु उपासकोपासिका तथा महानुभाव एवं ज्ञानमाला प्रस्तुक कर्ता पद्मकीर्ति ज्ञानमाला भजन काठमाडौंलाई साधुवाद धन्यवाद प्रदान गर्नुभइ पालो हस्तारण गरियो ।

अन्तमा, उपासकोपासिका, श्रद्धालु महानुभाव, ज्ञानमाला भजन खल: तथा श्रद्धेय भन्ते गुरुमाँहरूलाई द्वारिका (छैं) ध्यचम ज्भचष्तबनभ ज्यतभा ७ ब्उबचतक्भलत का प्रोपाइटर सागर मानन्धर/सिन्धु मानन्धर बाट आफ्ना दिंवगत मातापिताको सम्झनामा पुण्यलाभको कामना गर्दै जलपान तथा भोजन दान गरि पुण्य संचित गरि पुण्यानुमोदन गरियो ।

## २ दिवसीय सतिपट्ठान विपस्सना ध्यान शिविर सम्पन्न

तानसेन पाल्पा जेठ १७। तानसेन नगर पालिका वडा नं. १२ बौघा गुम्हा स्थित सर्वोदय मा.बिद्यालय आयोजना तथा पाल्मा निवासी योगी त्रिरत्न शाक्य तथा मिलन शाक्यको संयोजकत्वमा भगवान बुद्धले प्रतिपादित ध्यान साधना अन्तरगत विश्व प्रशिद्ध ध्यान गरु महाशी सयादो विधिमा २ दिवसीय सत्तिपट्ठान विपस्सना ध्यान शिविर सम्पन्न भएको छ ।

विश्वशान्ति विहार उपप्रमुख तथा अखिल नेपाल भिक्षु महासंघ कोषाध्यक्ष श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविर तथा श्री सिद्धिमंगल बुद्ध विहार प्रमुख श्रद्धेय भिक्षु विमलो स्वविरको निर्देशनमा तानसेन नगर पालिका वडा नं. १२ बौघा गुम्हा स्थित सर्वोदय मा.बिद्यालय कक्षा ६ देखि कक्षा १० सम्मका ६१ छात्रछात्राहरूलाई समथ विपस्सना तथा चंक्रमण ध्यानको विशेष प्रशिक्षण गरिएको थियो ।

बिहान ८ बजे देखि बेलुका ६ बजे सम्म संचालन भएको उक्त शिविरमा श्रद्धेय बोधिज्ञान महास्थविर तथा भिक्षु विमलो स्वविरले ध्यान तथा ज्ञान सम्बन्धि बिशेष धर्मदेशना प्रदान गर्नुका साथै बाहिरी ध्यान अन्तरगत चंक्रमण तथा बाहिरी खुल्ला वातावरणमा पनि छात्रछात्राहरूलाई ध्यान अभ्यास प्रशिक्षण गराइएको थियो भने ध्यान तथा चंक्रमण बिषयक अनुभव आदान प्रदान गर्ने तथा धम्मसाकच्छा पनि गरिएको थियो ।

शिविरको अन्तिम दिन समापन समारोहमा विद्यालयका प्रिन्सिपलले साधुवाद धन्यवाद तथा ध्यानको





माध्यमबाट विद्यार्थीहरूले शारिरीक तथा मानसिक विकास गरि आफ्नो र समाजको हितसुखको लागि योगदान दिन सक्ने विचार ब्यक्त गरियो भने विद्यालय संचालन समिति अध्यक्षबाट शिविरलाई निरन्तरताको खाँचो औल्यानुभयो भने श्रद्धेय भिक्षु विमलो स्थविरबाट ज्ञान र ध्यान सम्बन्धि धर्मदेशना प्रदान गरिएको उक्त समारोहमा श्रद्धेय बोधिज्ञान महास्थविरबाट संयोजक त्रिरत्न शाक्य तथा मिलन शाक्य लगायत विद्यालय परिवार तथा योगी विद्यार्थी तथा सेवारग उपासकोपासिका सम्पूर्णलाई साधुवाद प्रदान गरि पुण्यानुमोदन गरि समापन गरियो । अन्तमा, श्रद्धेय भिक्षुद्वयबाट विद्यार्थीहरूलाई कपि/पेन तथा त्रि-बोधिरस मासिक पत्रिका वितरण गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## नेपालभाषाका बौद्ध लेखकहरु पुरस्कृत

काठमाडौं, जेष्ठ १८ । नेपालभाषा पत्रिका नेपालभाषा टाइम्समा प्रकाशित बौद्धलेखका लेखकहरूमा दुइजना उत्कृष्ट लेखकहरू समारोहका बिच पुरस्कृत हुनुभयो ।

गणमहाविहारका प्रमुख भिक्षु सोभितले बुद्ध संवत् २५६१ भित्र नेपालभाषा टाइम्स दैनिकमा प्रकाशित बुद्ध धर्म सम्बन्धी लेखहरू मध्ये उत्कृष्ट महिला लेखक अकिल शोभा ताम्राकार तथा पुरुष लेखक मुनिन्द्ररत्न वज्राचार्यलाई युवा बौद्ध समूहले दिंदै आएको पञ्चवीरसिंह सिरपाः प्रदान गर्नुभयो ।

यसका साथै सोही समारोहमा बुसं २५६२ का निमित्त इलोहं पञ्चवीर परियत्ति सिरपा पनि भक्तपुरको मैत्री युवा संघलाई प्रदान गरियो ।

यसका लागि दाता पञ्चवीरसिंह तुलाधरले नगद राशी प्रदान गर्नुभयो ।

कार्यक्रममा बोल्दै पुरस्कारका निर्णायक डा. गौतमवीर वज्राचार्यले पुरस्कृत लेखको प्रसंगमा वज्रयान बुद्धधर्ममा विकृतिका रुपमा आएको पशुबलिको विरोधमा वृहत जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । यसका साथैं उहाँले बुंगद्यः अर्थात् रातो मछिन्द्रनाथको रथ जात्रामा पशुबलि दिने प्रथा धर्मसंगत नभएकोले यसलाई रोक्न भनेर आग्रह गर्दा त्यसका पुजारीहरू अर्थात् पान्जुहरू नै तयार नभएको पनि प्रसंग पनि उल्लेख गर्नुभयो ।

धर्मोदय सभाका महासचिव सागरमान वज्राचार्यले वज्राचार्यहरूमा नै पशुबलि भनेको बुद्धधर्मको अंश हो कि जस्तो भ्रम फैलिरहेकोले यसको निदान जरुरी भएकोमा जोड दिनभयो ।

नेपालभाषा टाइम्सका सम्पादक सुरेश किरण मानन्धरले यसै पुरस्कारको सिलसिलामा भएपनि नेपालभाषामा बुद्ध धर्मसम्बन्धी लेख लेख्ने जुन लहर आएको छ त्यो प्रशंसनीय छ भन्नुभयो ।

इलोहं पत्रिकाका सल्लाहकार नरेशवीर शाक्यले बौद्ध परियत्ति शिक्षाले नेपालमा ठुलो प्रगति गरेपनि त्यसबाट उत्कृष्ट भएर आएका विद्यार्थीहरूले पनि कतै कुनै लेखरचना लेखेर योगदान गरेको नपाउनु दुखको कुरा भएको बताउनुभयो ।

पुरस्कृत वज्राचार्यले वज्रयान बुद्धधर्ममा कतै पनि हिंसा गर्ने कामको उल्लेख नभएको बताउँदै आज पनि वज्राचार्य गुरुहरूले नै बुद्धधर्मको विरुद्ध हिंसाकर्मलाई प्रश्रय दिइरहेकोमा दुःख व्यक्त गर्नुभयो ।

त्यस्तै अर्का पुरस्कृत ताम्राकारले यस पुरस्कारले आफुमा बुद्धधर्मप्रति दायित्वबोध गराएको अनुभव सुनाउनुभयो ।

आयोजकका तर्फबाट डा. त्रिरत्न मानन्धरले ने.सं. २५४३ देखि शुरु भएको यस पञ्चवीर सिरपाःमा हालसम्म ३३ जना पुरस्कृत भइसकेको बताउनुभयो ।

## सम्यक सन्देश पत्रिकाबाट सम्मान तथा पुरस्कार प्रदान

काठमाडौं, जेष्ठ २६ । सम्यक सन्देश पत्रिकाको दोश्रो वार्षिकोत्सको अवसरमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु मैत्री महास्थविरले विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई सम्मान प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा सूचक पद्मादेवी पुरस्कारबाट शान्तीवती गुरुमां, सूचक कृष्णबहादुर समाजसेवा पुरस्कारबाट बखत बहादुर चित्रकार, सूचक सम्मानबाट श्यामलाल चित्रकार, सूचक रतन पुरस्कारबाट कलाकार राजकुमार शाक्य, सूचक लिली महिला पुरस्कारबाट नम्रता शर्मा र सूचक पत्रकारिता पुरस्कारबाट भगवती बस्नेतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा डा. रीना तुलाधरले सम्यक सन्देश पत्रिकाको समीक्षा गर्नुभएको थियो भने पत्रिकाका सल्लाहकार डा. लक्ष्मण तथा आयोजक सूचना प्रकाशनका अध्यक्ष दीपक भेटवाल तथा आयोजक सूचना प्रकाशनका अध्यक्ष दीपक भेटवालले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## धम्मसाकच्छा संघको वार्षिक साधारण सभा सम्पन्न

धम्मसाकच्छा संघको वार्षिक साधारण सभा जेष्ठ ११ गतेका दिन संघका धर्मानुशासक श्रद्धेय पञ्ञासार भन्तेको प्रमुख आतिथ्यमा सम्पन्न भयो । यस सभाका विशिष्ठ अतिथि सुगत बौद्ध बिश्वविद्यालयका प्राचार्य श्री तिर्थरत्न शाक्य र बौद्ध विद्वान् श्री लोक बहादुर शाक्य एवं ३ नं. प्रदेशका माननीय सांसद श्रीमती शोभा शाक्यज्यूको उपस्थितिमा भव्य रुपमा सम्पन्न भएको थियो ।



Downloaded from http://www.dhamma.digital






त्यस दिन संघको नयाँ कार्यसमिति पनि सर्वसम्मतिमा चयन भएको थियो । नयाँ कार्यसमिति २०७६ मा अध्यक्ष कुलमान शाक्य, उपाध्यक्ष सन्जय शाक्य, सचिव गौतम शाक्य, सहसचिव तेजमान शाक्य, कोषाध्यक्ष विद्या शाक्य, सहकोषाध्यक्ष सरिता शाक्य, सदस्यहरू रत्नशोभा शाक्य, मोहन कुमारी शाक्य, शान्तमान बज्राचार्य, गीता शाक्य, इन्द्रराज शाक्य गरी जम्मा ११ सदस्यीय कार्यसमिति गठन गरियो । साधु ।

## सिद्धिमंगल बुद्ध विहारमा परियत्ति भवन निर्माण सम्पन्न

सिद्धिपुर, ललितपुर । महालक्ष्मी नगरपालिका वडा नं. ६ सिद्धिपुर, ललितपुरस्थित श्री सिद्धिमंगल बुद्ध विहारमा ललितपुर क्षेत्र नं. २ का माननीय सभासद श्री कृष्णलाल महर्जनको सभासद कोषबाट प्राप्त रु. १० लाख बजेटबाट निर्माण सुभारम्भ भएको परियत्ति भवनको पहिलो तल्ला निर्माण कार्य सम्पन्न भएको छ । मिति २०७५ साल माघ ७ गते सोमवारका दिन कार्यसमितिको बैठकबाट परियत्ति भवन निर्माण उपभोक्ता समिति विहार कोषाध्यक्ष रामकृष्ण महर्जनज्यूको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति गठन गरी निर्माण सुरु भएको परियत्ति भवन मिति २०७६ जेठ २४ गते शुक्रवार सम्पूर्ण विहार परिवार तथा सम्बन्धित व्यक्तिहरूको सहभागितामा भवनको पहिलो तल्ला निर्माण सम्पन्न गरिएको थियो । भवन निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा साधुवाद व्यक्त गर्दै कार्यक्रम सम्पन्न भएको थियो ।



मूर्खहरूले आफैलाई शत्रु बनाएर पाप कर्म गर्छन्,
त्यही पाप कर्मको कटु-फल पछि आफैलाई प्राप्त हुन्छ ।

-धम्मपद ६६

**"एकका लागि सबै सबैका लागि एक"**

# विकास बचत तथा ऋण सहकारी संस्था लि.

**महालक्ष्मी न.पा.-०६, सिद्धिपुर, ललितपुर, ५५८१९६६**

**हाम्रा सेवाहरू :**

| | |
|---|---|
| १. साधारण बचत | १०% |
| २. नियमित बचत | १०% |
| ३. आवधिक बचत | |
| ६ महिना | ११% |
| १ वर्ष | १३.५% |
| २ वर्ष | १४% |
| ३ वर्ष | १४.५% |

**ऋण सेवा:**

| | |
|---|---|
| १. घरजग्गा धितो तथा व्यवसाय ऋण | १६% |
| २. मुद्दती धितो ऋण मुद्दती | ब्याज + २% |
| ३. साना तथा घरेलु व्यवसाथ ऋण | १७% |
| ४. जमानी | १८% |
| ५. शैक्षिक | १५% |




Downloaded from http://www.dhamma.digital